Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ३०, २०७९ साल फागुन १६ गते मंगलबार (Feb 28, 2023) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# देशले निकास कहिले पाउला ?

मोहन कार्की

नेपालमा राजनीतिक परिवर्तन धेरै भएका छन् । व्यवस्था नै फेरिएका छन् । तर गरिखाने इमान, जमानमा रहनेहरुको अवस्था कहिल्यै फेरिएको छैन । सत्तामा, सरकारमा पुग्न आलोपालो गरि धेरै राजनीतिक पार्टीका नेता बनेका मानिसहरु नै पुगेका छन् । सत्तामा पुग्नको लागि गर्न पर्ने जायज नजायज कर्म गर्न राजनीतिक पार्टीहरु पछि परेका छैनन् । ति राजनीतिक पार्टीका जो सधै शक्तिमा रहनको लागि स्तोसुकै निज कार्य किन नहोस् त्यस्ता कार्य गरेकै थिए । त्यस्तैं धृणित कार्य हालसम्म गर्दै आईरहेका छन् । त्यस्तै धृणित कार्य गर्नेहरु सत्तामा, सरकारमा आलोपालो गरिरहेका छन् ।

तिनै मानिसहरु जो शक्तिमा सधै वस्न सक्ने र चलखेल गर्न सक्ने राजनीतिक पार्टीका नेताहरुको अवस्था भने फेरिएको छ । ती केही नेताहरुको जीवन पद्धतीमा परिवर्तन आएको छ । सानको जीवन चलिरहेको देखिन्छ ।



तर देशले उपलब्धिमुलक केही प्राप्त गरेको छैन । देशभित्र रहने धेरै जति नागरिकको अवस्था संकटपुर्ण, सकसमा चलिरहेको छ । बजारमा किन्न पर्ने सामानहरुको मुल्य आकाशिदै गएको छ । उत्पादनमुलक नेपालमा केही छैन भन्ने अवस्थामा पुग्न लागेको छ । छिमेकी राष्ट्रहरुसँगको व्यापार घाटा बढ्दो छ । निर्यात घट्दो अवस्थामा छ । विदेशी मुद्रा सचितीमा अभाव हुन लागेको प्रक्षेपण त एक बर्ष अगाडी नै गरिएको थियो र कतिपय बिलासिताका सामान आयात गर्न रोक समेत लगाइएको थियो । त्यति गर्दा पनि संकट टरेको छैन भन्दै अर्थ मन्त्रालयले २०७९(८० को केही शिर्षकका बजेट सिलिङमा कटौती गरिसकेको छ ।

देशभरी रहेका सहकारी संस्था धेरै जति बन्द भईसकेका छन् । बाकी चलिरहेका पनि संकटपुर्ण अवस्थामा गुज्रीरहेका छन् । सहकारी संस्थामा धेरै मानिसहरु पछिल्लो समय ग्रमीण भेगदेखि शहरमा समेत यस्तै सहकारीवाट सहज सहुलियत रुपमा कारोबार गर्दै आएका मानिसहको जिवनमा परेको असहज, सकस कल्पना गरिसाध्यै छैन । त्यस्तै बित्तिय क्षेत्रको क श्रेणीमा प्रतिस्पर्धामा लगानी गर्ने बैकहरु एकपछि अर्को मर्जरको प्रक्रियामा जादा थोरै मात्रमा रहेका बैकहरुले ऋण प्रवाह गर्दा गर्ने झन्झटिला, लामो समय लगाउने, र तानाशाही प्रवृति सरकारी बैकहरु जस्तै घुस नदिएसम्म ऋण प्रवाह नगर्ने जस्ता समस्या नागरिकले व्यहोरिरहेका छन् ।

एकातिर भने अर्कोतर्फ बैकको व्यावसायिक कर्जालाई १६ प्रतिशतमा पुऱ्याएको छ । नेपालमा आफ्नो उत्पादन केही नहुदा ट्रेडिङको व्यापार गर्ने वा होलसेल व्यवसाय गर्ने, व्यवासायीहरुको अवस्था बिग्रेको र कतिपयले आत्महत्या गरेको भनेर काठमाडौस्थित नेपाल व्यापार संघ लगायत व्यवसाय संस्थाहरुले सरकारलाई ज्ञापन पत्र, ध्याणकर्षक पत्र बुझाएको घटनाले पनि नेपालमा संकटको आदी कसरी मडारीदै अगाडी बढिरहेको छ भन्ने संकेत गर्छ ।


देशमा गरिखाना र एउटा परिवार सहज ढंगवाट शिक्षा, स्वास्थ्य, पारिवारिक जीवन चलाउन मार्षिक ५० हजारको आम्दानी गर्ने वातावरण नभएमा जीवन नचल्ने भइसकेको छ । यसरी देशभित्र जीवन चलाउन नसक्नेहरु देश छाडेर वा अन्त कतै पलायन हुनुपर्ने समस्या ज्यूका त्यू रहेको छ । लाखौ लाख युवाहरु देश बाहिर जादा केही मात्रमा उत्पादन हुने कृषि क्षेत्रमा पनि ह्रास आइरहेको छ । यसरी दिनानु दिन नेपाली बाँकी ६ पृष्ठमा

# रामचन्द्र पौडेललाई भोट मार्दै शेरबहादुर देउवाले केपी शर्मा ओलीलाई पठाए पत्र

काठमाडौं । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई पत्र पठाएर राष्ट्रपति उम्मेदवार वरिष्ठ नेता रामचन्द्र पौडेललाई भोट मागेका छन् । कांग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले सोमबार अपराह्न ओली निवास बालकोट पुगेर देउवाको पत्र बुझाएका हुन् । गत शनिबार राष्ट्रपतिमा कांग्रेससहित ८ दलको समर्थनमा पौडेलले उम्मेदवारी दर्ता गरेका थिए भने एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले उम्मेदवारी दर्ता गरेका थिए ।

उम्मेदवारी फिर्ता लिने पूर्वसन्ध्यामा कांग्रेस सभापति देउवाले एमाले अध्यक्ष ओलीलाई पत्र पठाएका हुन्। राष्ट्रपतिमा समर्थन वा मित्रवत प्रतिस्पर्धाका लागि भन्दै देउवाले ओलीलाई पत्र पठाएका छन् । 'लोकतन्त्र भन्नु निर्वाचन मात्र होइन र निर्वाचन भन्नु जितहार मात्र होइन, हामी जान्दछौं । यो अभ्यासले समाजलाई सुसंस्कृत सन्देश दिन सक्नुपर्छ । त्यही स्मरणसाथ यो पत्र यहाँलाई लेखिरहेको छु, राष्ट्रपति पदमा रामचन्द्र पौडेललाई विजयी गराउन उपयुक्त हुने विषयमा ध्यानाकर्षण गरिरहेको छु,' लेखेको पत्रमा लेखिएको छ ।

एमालेका अध्यक्ष ओलीले भने कांग्रेस बाहेकका दल र स्वतन्त्र उम्मेदवारहरुलाई पत्र पठाएर राष्ट्रपति निर्वाचनमा नेम्वाङका लागि भोट मागेका थिए । राष्ट्रपति निर्वाचनमा ८८१ मतदाता रहने भएका छन् । निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा ८८१ जनाको नाम छ । प्रतिनिधिसभा सदस्य २७५, राष्ट्रियसभा बाँकी ६ पृष्ठमा





# राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका लागि आचारसंहिता जारी


काठमाडौ । निर्वाचन आयोगको २०७९ माघ १६ गतेको निर्णय अनुसार यही फागुन २५ गते राष्ट्रपतिको र आगामी चैत ३ गते उपराष्ट्रपतिको निर्वाचन हुँदैछ । उक्त निर्वाचनको लागि निर्वाचन कार्यलयले आचारसंहिता लागु गरेको छ । संवैधानिक व्यवस्था अनुसार उक्त निर्वाचनका लागि सङ्घीय संसद्मा हाल कायम रहेका ३३२ र प्रदेश सभाका ५५० गरी कूल ८८२ मतदाता रहेको निर्वाचक मण्डल रहने छ । स्वीकृत कार्यक्रम बमोजिम राष्ट्रपतिको निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना भई फागुन १३ गते उम्मेदवारीको मनोनयन पत्र दर्ता भइसकेको छ । उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ । दुवै पदको निर्वाचनका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आयोगले २०७९ फागुन १७ गते देखि चैत ५ गतेसम्म कायम रहने गरी



निर्वाचन आचारसंहिता, २०७९ जारी गर्ने निर्णय गरेको छ । उक्त आचारसंहिता, २०७९ मिति २०७९ भदौ १३ गतेको नेपाल राजपत्र खण्ड-७२, सङ्ख्या ३२ मा प्रकाशन भइसकेको छ ।

आयोगको निर्णय बमोजिम उक्त आचारसंहिता देहायका व्यक्ति, संस्था तथा अधिकारीलाई लागू हुनेछ ।

(क) नेपाल सरकार र नेपाल सरकारका मन्त्री, बाँकी ६ पृष्ठमा



‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’- *मोहन कार्की*

## सम्पादकीय

# देशमा अस्थिरताको संकट नआओस्

नेपालको राजनीतिक सक्रमण झण्डै आठ दशकदेखि अस्थिरतामा रुमलिदै आएको छ । त्यसबेला देखि यसवेला सम्म कुनैपनि पार्टीले वा कुनैपनि प्रधानमन्त्रीले ५ बर्ष निरन्तर रुपमा कार्यकाल पुरा गरेको ईतिहास नै छैन ।

यस्तै अस्थिरताका कारणवाट देशको प्रशासनीय क्षेत्र कमजोर हुदा देशले भूगोल गुमाएको छ । कुटनैतिक रुपमा कमजोर बनेको छ । बिदेशीले नेपालको हरेक क्षेत्रमा खेल्न थालेका छन् । उत्पादन रुग्न बनेको छ । नागरिकहरु निरिह अवस्थामा पुगेका छन् ।

राजनीतिक पाटीहरुले जानेर वा नजानेर सत्ता प्राप्त गर्नको लागि भिना झम्टी राजनीतिक कु गर्दै आएका छन् । गरिहेकै छन् । राजनीतिक पार्टीहरुले सरकार फेरवदल गर्ने काम गर्दै आईरहेका छन । त्यो देशको लागि भन्दा पनि ब्यक्ति स्वार्थका लागि केन्द्रीत भएर गर्ने यस्ता खालका राजनीतिक अस्थिरताले राष्ट्रको भलो नहुने, विकासले गति लिन नसक्ने, जवाफदेही कोही हुनु नपर्ने, जवाफ दिनु परेमा यस्तै सरकार परिवर्तनको वाहानामा राजनीतिक नियुक्त परिवर्तन, राजनीतिक नियुक्त परिवर्तन सँगै योजनाहरु परिवतनका बाहाना बन्ने र पुनः अर्को आएपछि फेरी केही समय योजना बनाउन लाग्ने योजना बनाउन नपाउदै भएका सरकार ढल्ने अर्को सरकार आउने यस्तै यस्तै असरहरु तल तलसम्म पुगेर देशको विकासमा ठुलो असर पुग्दै आएको छ ।

यस्ता कार्यहरु हुन नदिन सरकार परिवर्तन भएपनि योजना दिर्धकालीन विकासका नीतिहरुमा साझा नीति बनाई देशलाई प्रगतीउन्मुख बनाउदै विकासउन्मुख देश बनाउने काम  राजनीतिका पार्टीहरुले गरुण ।

अहिले तेस्रो राष्टूपतिको निर्वाचना हुन गइरहेको छ । उक्त निर्वाचनपछि बन्ने सरकार परिवर्नत हुने संकेत गरेको छ । सरकार परिवर्तन भएपनि नभएपनि देशको दिर्धकालीन विकासको नीति फेरिनु हुन्न र देशले प्रगतीको गति लिनुपर्छ ।

सरकार परिवर्तन सँगै देशमा हुने अनेक खालका अस्थिरता आउन नदिनु सवै राजनीतिका पार्टीहरुको जिम्मेवारी हो । तर यस्ता राजनीतिक परिवर्तनको नाममा अनेका खालका अस्थिरता बिगतमा हुने गरेका थिए । जसले देशलाई प्रगति हुनवाट रोक्ने क्षति पुऱ्याउने जस्ता कामहरु मात्र हुदै आएका छन् ।

यस्ता देश र जनतालाई क्षति पुऱ्याउने कार्य कुनै पनि राजनीतिक पार्टीहरुवाट हुनुहुदैन । नेपालको अहित चाहाने शक्तिहरुले हर्कत गर्न सक्छन् । राजनीतिक पार्टीका नेताहरु सस्तो लोकप्रीयता र सत्ताको लोलुपमा त्यस्ता नेपाल विरोधि शक्तिको गोटी बन्न पनि बेर लगाउदैनन् । तर नेपाली जनताले खवरदारी र सचेत गराईराख्ने र देशको अस्तित्व माथि गर्ने खेलवाड विरुद्ध शान्तिपुर्ण एकताबद्ध भएर प्रतिरोध गर्न सक्नुपर्छ । त्यस्ता समस्या सकभर राजनीतिक पार्टीहरुले बुझेर ननिम्त्याउन् ।

# दक्ष जनशक्ति उत्पादन र रोजगारी

**गोपाल संग्रौला**

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार नेपालबाट पछिल्लो समय वैदेशिक रोजगारीमा जाने युवाको संख्या उल्लेख्य बढेको छ । वैदेशिक रोजगारीमा जाने युवाको संख्या बढदा त्यसको सकारात्मक पक्ष रेमिट्यान्सबाट प्राप्त भइरहे पनि अन्तरिक रोजगारी सिर्जनाका विकल्प कम हुँदै गएको र श्रमशक्ति पलायन पनि सँगसँगै बढेको छ । विश्वका अधिकांश मुलुकको विदेशी मुद्रा आर्जनको एउटा प्रमुख स्रोत रेमिट्यान्स बन्दै गएको छ । विश्वको एक कुनाको मानिस अर्को कुनामा पुगेर काम गर्छ । कोही रोजीरोटीका लागि विदेश पुग्छ भने कोही थप आकर्षक कमाइ गर्ने लालसाले जान्छ । यसलाई हेर्दा विश्व एउटै भिलेज बनेको छ । सबै मुलुकका लागि राजनीतिक, सुरक्षालगायतका कारण बाउन्ड्री त कोरिएको छ । तर, व्यापारिक र आर्थिक हिसावले विश्वमा कतै सीमा छैन । रेमिट्यान्सको सन्दर्भमा नेपाल त्यस्तो मुलुक हो जसको अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा रेमिट्यान्सको रहेको छ र दिनदिनै बढ्दै गएको अवस्था छ । नेपाली युवा थप आकर्षक कमाइका लागि भन्दा पनि रोजीरोटीका लागि विदेश जान बाध्य छन् । कुल जनसंख्याको तीन प्रतिशत जनसंख्या कामको खोजीमा विदेश गइरहेको छ र यो बर्सेनि बढ्दो क्रममा छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार नेपालबाट पछिल्लो समय वैदेशिक रोजगारीमा जाने युवाको संख्या उल्लेख्य बढेको छ ।

वैदेशिक रोजगारीमा जाने युवाको संख्या बढदा त्यसको सकारात्मक पक्ष रेमिट्यान्सबाट प्राप्त भइरहे पनि अन्तरिक रोजगारी सिर्जनाका विकल्प कम हुँदै गएको र श्रमशक्ति पलायन पनि सँगसँगै बढेको छ । सरकारले बाध्यकारी वैदेशिक रोजगारीलाई कम गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिरहेको भएपनि सोचेअनुसार रोजगारी सिर्जना हुन सकेको छैन । त्यसको फलस्वरूप वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गइरहेको छ । आन्तरिक रोजगारी सिर्जना गर्ने लक्ष्यसहित सञ्चालन गरिएको सो कार्यक्रमबाट वार्षिक ५ लाखलाई न्यूनतम १०० दिनको रोजगारी दिने भनिएपनि २ लाख जनाले मात्र रोजगारी पाइरहेको देखिन्छ । कोरोना संक्रमणपछि नेपालको आन्तरिक रोजगारीमा संकुचन आएपछि वैदेशिक रोजगारीमा जाने युवाको संख्या वार्षिक ६ लाख २८ हजारभन्दा बढी भएको छ । यो विगत वर्षहरूको औसतभन्दा लगभग २ लाख बढी हो । वैदेशिक रोजगारीमा जानेको संख्या वृद्धि हुँदा यसले वैदेशिक रोजगारीमा जाने परिवार र सामाजिक विकृतिसमेत निम्त्याएको छ । वैदेशिक रोजगारीका क्रममा हालसम्म ११ हजारभन्दा बढी श्रमिकको गन्तव्यमा मृत्यु भइसकेको छ । हाल सरकारका लागि हरेक वर्ष करिब ५ लाखको संख्यामा श्रमबजार प्रवेश गर्ने युवा जनशक्तिहरूको लागि रोजगारीको सिर्जना गरी बाध्यतात्मक मानिएको वैदेशिक रोजगारीलाई कम गर्नु हो । स्वैच्छिक वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो र मर्यादित बनाई अन्तर्राष्ट्रिय श्रम बजारको पहिचान र गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता पनि गर्नु पर्ने देखिएको छ । सरकारले हाल ११० देशलाई सस्थगत र १७२ देशलाई व्यक्तिगत रूपमा वैदेशिक रोजगारी जान खुला गरेको भए पनि ११ देशसँग द्विपक्षीय श्रमसम्झौता र एमओयू गरेको छ ।

अवस्थामा सरकारले प्रत्येक नाकरिकलाई रोजगार विभिन्न विकल्प विकास गरेर देश विकास र समृद्धिमा लगाउनुपर्ने भएको छ । वैदेशिक रोजगारीमा गएका र जान तयार रहेका युवालाई देशका विभिन्न क्षेत्रमा रोजगारी दिएर विदेशीका लागि काम गरिरहेका जनशक्तिलाई रोक्नुपर्ने देखिन्छ ।

बेरोजगारी र वैदेशिक रोजगारीको आकर्षणलाई रोक्न स्थानीय तहमा रोजगारी र आर्थिक क्रियाकलाब बढाउन रोजगारी नयाँ स्रोत सिर्जना गर्न स्थानीय तहलाई पनि बाध्य पार्नुपर्ने देखिएको छ । समाजशस्त्री एवम श्रमविज्ञ डा. गणेश गुरुङ स्थानीय स्तरका बाटाघाटा, पुल र साना पूर्वाधार निर्माण गरेर स्वदेशमा नै रोजगारी बढाउनु पर्ने बताउँछन् ।

उनले सरकारले रोजगारी सिर्जना गर्दै सामाजिक सुरक्षाको समेत व्यवस्था गर्नुपर्ने बताउँछन् । “स्वदेशमा रोजगारीका क्षेत्र पहिचान गरेर मात्र बाध्कारी वैदेशिक रोजगारीलाई कम गर्ने हो ।” गुरुङले भने, “स्वदेशमा रहेका परियोजना, कृषि र अन्य क्षेत्रमा रोजगारी सम्भावना भएकाले सो क्षेत्रलाई प्रवर्द्धन गर्नुपर्छ ।” वैदेशिक रोजगार बोर्डले सार्वजानिक गर्ने प्रतिवेदनमा नेपालमा वार्षिक ९ खर्बको हाराहारीमा रेमिट्यान्स आउँदा हजारौंको मृत्यु हुने गरेको देखाउँछ । गत आर्थिक वर्ष २०७८/७९ मा वैदेशिक रोजगारीबाट ९ खर्ब ८६ अर्ब रेमिट्यान्स भित्रिँदा १ हजार ४ सय ७९ नेपालीले विदेशी भूमिमा काम गर्दा गर्दै ज्यान गुमाएका छन् । उनीहरूले ज्यान त गुमाए तर उनीहरूको पछि बाचेका परिवारको समय नै बन्द भएको छ । वैदेशिक रोजगार बोर्डले सार्वजनिक गरेको प्रतिवेदनअनुसार वैदेशिक रोजगारीको सिलसिलामा ४७ महिलासहित १ हजार ४ सय ७९ नेपाली श्रमिकको मृत्यु भएको देखाउँछ । यो तथ्यांक श्रम स्वीकृति लिएर गएर आर्थिक सहायताका निवेदन दिनेको संख्या मात्र हो । अनौपचारिक माध्यमबाट गएर मृत्यु हुनेको संख्या जोडने हो विदेशमा हुने मृत्युको आकडा डर लाग्दो रहेको छ ।

**वैदेशिक रोजगारीको सामाजिक पाटो**

वैदेशिक रोजगारीले एउटा परिवारदेखी लिएर देशकै आर्थिक गर्जो टार्ने काम गरेको दशकौं भइरहेका बेला यसका अँध्यारा पाटोको चर्चा कम हुने गरेको छ । पछिल्लो समय परिवार पाल्न कै लागि बाध्य भएर विदेश जानेको संख्या बढ्दै जाँदा मृत्यु र अंगभंगले कतिपय परिवारलाई खुसीको सट्टा शोकमा डुवाएको छ । वैदेशिक रोजगारीले गाँउ बदलिएको मात्र छैन जाने परिवारको सामाजिक हैसियत बढाएको छ । तर, यसभित्र लुकेको सामाजिक समस्या र मृत्युलाई भने खर्बौं रेमिट्यान्सले खुसी दिन सकेको छैन । तथ्यांक राख्न थालपछि हालसम्म ११ हजार युवा कफनमा फर्किंदा शोक मात्र नभएर परिवारका लागि बिर्सन नसक्ने पीडा दिएको छ । स्वदेशमा हुने मृत्यूको तुलनामा विदेशी भूमिमा हुने मृत्यु अझ पिडादायी हुने गरेको छ । सरकारले रोजगारीका कर्ममा विदेशमा हुने मृतकका परिवारलाई ७ लाख रुपैयाँ आर्थिक सहायता दिने भएपनि परिवार पाल्ने क्रियाशिल जनशक्तिको मृत्युले एउटा परिवार नै आम्दानी नै सुन्य हुन्छ । उर्जाशिल नागरिकको मृत्यु घटाउने योजनामा सरकार असफल हुँदै आएको छ । सरकार स्वदेशमा हुने दैनिक मृत्युजस्तै वैदेशिक रोजगारीको मृत्युलाई पनि साधारण दैनिकी सम्झेर बसेको छ ।

**वैदेशिक रोजगारको विकल्प**

नेपालजस्तो विकासोन्मुख मुलुकमा श्रमको मूल्य र रोजगारीको अवसर दुवै न्यून हुने गरेका कारण विदेश जाने युवाको ताँती रोकिहाल्ने आँट सरकारसँग छैन । वैदेशिक रोजगारीले केही हदसम्म जनतालाई राम्रो खाने र राम्रो घरमा बस्ने हैसियत दिएको छ । वैदेशिक रोजगारीले देशलाई पुऱ्याएको नाफा-घाटाको कुरा गर्ने बेला अझै आएको छैन । बेरोजगारीको अवस्था हेर्दा अझै केही वर्ष वैदेशिक रोजगारी लाई प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।

वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्य वैदेशिक रोजगारीलाई अल्पकालीन वैकल्पिक रोजगारीका रुपमा लिएर स्वदेशमा रोजगारीका क्षेत्र विविधीकरण गर्नुपर्ने बताउँछन् । विकसित एवं उच्च आय भएका मुलुकहरूमा श्रमको मूल्य र रोजगारीको अवसर दुवै उच्च रहने हुँदा रोजगारीका लागि विकासोन्मुख मुलुकबाट विकसित मुलुकहरूमा विदेशीने क्रम तीव्र रूपमा बढ्दै गइरहेको छ । यूएन आप्रवासन प्रतिवेदनअनुसार विश्वका २४ करोड ४० लाख मानिसहरू बसाइँसराइ, रोजगारीलगायत अन्य कारणले आफ्नो देश बाहिर रहेका छन् । नेपालको सन्दर्भमा आर्थिक वर्ष २०६३-०६४ मा वैदेशिक रोजगारीमा जाने कुल संख्या २ लाख थियो भने यो संख्या बढेर आव २०७८/०७९ मा साढे ६ लाख नाघ्यो । सुरुमा पुरुष कामदारहरू मात्रै जाने गरेकोमा महिला कामदारको संख्यासमेत उल्लेखनीय रुपमा बढ्न थालेको देखिन्छ । आव २०६३-०६४ मा श्रमस्वीकृति लिएर वैदेशिक रोजगारमा जाने महिला कामदार संख्या ३९० जनामात्र रहेकोमा हाल यो संख्या बढेर गत आव सम्ममा ४९ हजार लाख १ सय २८ पुगेको छ । यसरी वैदेशिक रोजगार विभागको तथ्यांक हेर्दा गत आवसम्म श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या ४५ लाख नाघिसकेको छ । यद्यपि वैदेशिक रोजगारीबाट फर्किएकाहरूको तथ्यांक अध्यावधिक हुन सकेको छैन ।

**रेमिट्यान्सको भरमा देश**

तेस्रो घर परिवार सर्वेक्षण अनुसार वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण मुलुकको ५५.८ प्रतिशत घरधुरीमा पुग्ने गरेको देखिन्छ भने मुलुकका करिब ३१ लाख घरपरिवारले प्रतिपरिवार औसत ८० हजार ४०० रुपैयाँका दरले नियमित रुपमा विप्रेषण प्राप्त गरिरहेको देखाउँछ । वैदेशिक रोजगारीबाट नेपाललाई प्राप्त हुने अर्को फाइदा भनेको सीपयुक्त जनशक्ति हो ।

विदेशमा सिकेको सीप खासगरी कृषि क्षेत्रमा प्रयोग गरी स्वदेशमा रोजगारीको सिर्जना गर्नेहरूको संख्या पनि क्रमशः वृद्धि हुँदै गइरहेको छ । केही वर्ष अगाडिसम्म नेपालको गरिबीको रेखामुनिको जनसंख्या ३१ प्रतिशत रहेकोमा हाल २० प्रतिशतको हाराहारीमा घटेको उल्लेख गरिएको छ । यसरी गरिबी घट्नुमा विप्रेषण एउटा महत्वपूर्ण कारक बन्न पुगेको उल्लेख छ । समग्रमा भन्नुपर्दा नेपालजस्तो आर्थिक रुपमा विपन्न मुलुकमा वैदेशिक रोजगार धेरैका लागि बाध्यता र थोरैका लागि रहरको विषय भए तापनि नेपाली कामदारहरूको जीवनस्तर उकास्न महत्वपूर्ण योगदान दिँदै आइरहेको छ । देशको वैदेशिक मुद्रा आर्जन गर्ने मुख्य स्रोत नै रेमिट्यान्स अर्थतन्त्रकै प्रमुख आधार हो । राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा ९ खर्ब ६१ अर्ब रेमिट्यान्स भित्रिएको थियो भने गत वर्ष केही बढेर ९ खर्ब ८६ अर्ब रुपैया भित्रिएको थियो ।

**दिगो विकास लक्ष्य पूरा गर्नुपर्ने बाध्यता**

स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य ८ लाई प्राप्त गर्न नेपालसहित एसियाली क्षेत्रीय देशहरू बहस अगाडि बढाएका छन् । यसमा प्रतिव्यक्ति आर्थिक वृद्धिलाई कायम राख्ने र विशेषगरेर अति कम विकसित मुलुकहरूमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिलाई कम्तीमा प्रतिवर्ष ७ प्रतिशत कायम राख्ने लक्ष्य रहेको छ । यो लक्ष्यलाई प्राप्त गर्न सरकारले नीति तथा कार्यक्रमको बजेट लक्ष्य निर्धारण गरेर विनियोजन गरेको छ । लक्ष्य प्राप्त गरी विविधीकरण, प्रविधिको स्तरोन्नति र नवप्रवर्तनको माध्यमबाट माथिल्लो स्तरको आर्थिक उत्पादकत्व हासिल गर्ने गरी योजना अघि सारिएका छन । दिगो विकास लक्ष्यमा सबै महिला र पुरुषहरूलाई पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादित काम उपलब्ध गराउने प्रतिब्धता जनाइएको छ ।

स्रोतहरूको दक्षतामा सुधार गर्ने, निकृष्ट स्वरूपको बालश्रमको अन्त्य गर्ने र वित्तीय सेवाहरूमा खर्चले धान्न सकिने स्वच्छ ऊर्जा, मर्यादित काम र आर्थिक वृद्धि गर्ने दिगो विकास लक्ष्यहरूमा सबैको पहुँच विस्तार गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरू राखिएका छन् ।

विदेशीएका युवालाई गाउँ फर्काउ

२ दशक यताको कुरा गर्ने हो भने वैदेशिक रोजगारीका कारण अधिकांश परिवारमा युवा सदस्यको संख्या भेटनै मुस्किल हुने गरी गाँउ नै युवाविहीन भएका छन् । यसको असर कृर्षि क्षेत्रमा काम गर्ने जनशक्तिको अभाव भएर खेतीयोग्य जमिनमा उत्पादन तुलनात्मक रूपमा बढ्न सकेको छैन भने कतिपय निर्माण क्षेत्रमा महगो मूल्यमा भारत र बंगलादेशबाट कामदार ल्याएर काम गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । सिद्धान्तत देशको विकास र समृद्धिको आधारका रुपमा रोजगारीलाई लिने गरिन्छ ।

रोजगारीले देश र जनताको आर्थिक क्रियाकलबलाई सक्रिय बनाउने गर्छ । तर, अहिले लाखौको संख्यामा नेपाली युवा रोजगारीका विदेश जानुपर्ने बाध्यता रहेको छ । यस्तो अवस्थामा सरकारले प्रत्येक नाकरिकलाई रोजगार विभिन्न विकल्प विकास गरेर देश विकास र समृद्धिमा लगाउनुपर्ने भएको छ । सरकारले अब वैदेशिक रोजगारीमा गएका र जान तयार रहेका युवालाई देशका विभिन्न क्षेत्रमा रोजगारी दिएर विदेशीका लागि काम गरिरहेका जनशक्तिलाई रोक्नुपर्ने देखिन्छ ।

**वैदेशिक रोजगारीमा जाने युवाको संख्या बढदा त्यसको सकारात्मक पक्ष रेमिट्यान्सबाट प्राप्त भइरहे पनि अन्तरिक रोजगारी सिर्जनाका विकल्प कम हुँदै गएको र श्रमशक्ति पलायन पनि सँगसँगै बढेको छ । सरकारले बाध्यकारी वैदेशिक रोजगारीलाई कम गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिरहेको भएपनि सोचेअनुसार रोजगारी सिर्जना हुन सकेको छैन । त्यसको फलस्वरूप वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गइरहेको छ । आन्तरिक रोजगारी सिर्जना गर्ने लक्ष्यसहित सञ्चालन गरिएको सो कार्यक्रमबाट वार्षिक ५ लाखलाई न्यूनतम १०० दिनको रोजगारी दिने भनिएपनि २ लाख जनाले मात्र रोजगारी पाइरहेको देखिन्छ ।**

# पर्यटकीय क्षेत्र र सुरक्षा व्यवस्था

गोविन्द चापागाईं

सन् २०२० अर्थात् आजभन्दा तीन वर्षअघि मुलुकले काठमाडौँको दशरथ रङ्गशालामा पर्यटन भ्रमण वर्षको भव्य उद्घाटन समारोह गरेको थियो । सोही अवसरमा राज्यले मुलुकमा २० लाख पर्यटक भित्र्याउने लक्ष्यसमेत राखेको थियो । त्यो हामी सबैका लागि अत्यन्तै खुसीको कुरा पनि थियो ।

विदेशी तथा स्वदेशी पाहुनाहरूको आगमनले मुलुकको अर्थतन्त्र सुधार त पक्कै हुन्छ नै, यसले एकआपसमा आत्मीय मेलमिलाप तथा भाइचारा सम्बन्धसमेत कायम हुन्छ । यसले त्रिपक्षीय मुलुकसँग व्यापार सम्झौता (पारवहन) मा समेत टेवा पुग्ने देखिन्छ । मुलुकको अर्थतन्त्र सुधारको मेरुदण्ड भनेकै पर्यटन व्यवसाय हो । यो मुलुकको अर्थ उत्पादनको गहना पनि हो । जुन ठाउँमा अत्यधिक मात्रामा पर्यटकको आगमन हुन्छ त्यस ठाउँको पर्यटकीय वातावरण, व्यवसाय पनि आर्थिक रूपमा सम्पन्न हुन्छ ।

विश्व मानचित्रमा हाम्रो मुलुकमा जति पर्यटकीय क्षेत्र रहेका छन् त्यति नै विश्व चिनाउने सर्वोच्च धरोहर पनि हाम्रै मुलुकभित्र रहेको छ । सहज तरिकाले विदेशी तथा स्वदेशी पर्यटकहरूलाई हाम्रो मुलुकको प्राकृतिक सौन्दर्यता, धार्मिक तथा ऐतिहासिक महत्व बोकेका सम्पदाहरूले पनि मनै लोभ्याउने गर्छन् । जहाँ पर्यटकीय आगमनका लागि सरल र सुरक्षित वातावरण निर्माण हुन्छ त्यस ठाउँमा अत्यधिक पर्यटकको आगमन हुन्छ ।

पर्यटकीय आगमन हुनु भनेकै मुलुकको अर्थतन्त्र मजबुत हुनु हो । राज्यले आन्तरिक तथा बाह्य पर्यटक पाहुनाका लागि उचित सुरक्षाको व्यवस्था गरेको छ भने स्वदेश फिर्ता नहुन्जेलसम्म पर्यटन व्यवसायी कम्पनीहरूले पर्यटक पाहुनाका लागि खान, बस्न तथा मनोरञ्जनलगायत भ्रमणमा सवारी साधनको समेत उचित प्रबन्ध गरेको हुन्छ । सरकारले पर्यटक आगमनलाई सहज होस् भनेर विभिन्न ठाउँमा सुरक्षाको प्रबन्ध पनि मिलाएको हुन्छ ।

विशेष गरी पर्यटकहरू मुलुकको प्राकृतिक मनोरम दृश्य अवलोकन गर्न मात्र नभई मनोरञ्जन गर्न, नेपालको प्राकृतिक सौन्दर्यको विषयमा समेत ज्ञान हासिल गर्न तथा नेपालको भ्रमणमा रहँदा हासिल गरेका ज्ञान, अनुभवहरूसमेत विदेशमा चर्चा(परिचर्चा गर्ने हुन्छन् । यसले गर्दा मुलुकको नामसमेत विश्वमाझ अझ परिचित हुनका लागि टेवा पुग्छ । यी कुराहरू बताइरहँदा ८० प्रतिशत विदेशी पर्यटक हवाई मार्गबाट नेपाल आइरहँदा हाम्रो हवाई आकाश तथा हवाईजहाजको समस्या तथा न्यूनीकरणबारेमा नागरिक उययन प्राधिकरणले अत्यन्तै गम्भीर ध्यान दिनुपर्ने देखिन्छ ।

गत माघ १ गते पोखरामा कहालीलाग्दो हवाई दुर्घटना भयो, जुन यति एयरलाइन्सको विमान थियो । बिहान १० बजे ६८ यात्रुसहित लिएर उडेको यति एयरलाइन्सको जहाज पोखराको सेती खोचमा दुर्घटना हुँदा चालक दलसहित विमानमा सवार ७२ जनाको मृत्यु भएको थियो । यसमा विदेशी तथा स्वदेशी नागरिक सवार थिए भने कलिला बालबच्चाहरू पनि थिए । यो अत्यन्तै भयानक दुर्घटना थियो । यसले नेपालको हवाई उययनमा चौतर्फी प्रश्नहरू पनि उब्जाएको थियो । यो घटनाले विश्वभरिकै ध्यान केन्द्रित गर्यो ।

के हाम्रो मुलुकमा हवाई उययन तथा प्राविधिक त्रुटिहरूकै कारण विमान दुर्घटना हुन्छन् त ? कि लामो समयसम्म विमानमा देखिएको समस्याका कारण दुर्घटना हुने हो ? हो, यस्ता कुराले गर्दा धेरै पटक हाम्रो मुलुकमा साना तथा ठूला हवाई दुर्घटना भएको सर्वविदितै छ । तर, समस्याको न्यूनीकरण गर्न भने जरुरी छ । एक त हाम्रो हवाई उययन विभिन्न मुलुकको दाँजोमा निकै कठिन अनि जोखिम भएको ठाउँमा छ । चारैतिर पहाडले घेरिएको खाल्डोमा विमान सकुशल अवतरण गर्नुपर्ने हुन्छ । यो चुनौतीको कुरा हो ।

अर्को, मौसममा आएको गडबडीका कारणले पनि हवाई उडान सम्बन्धित ठाउँमा ल्यान्ड गर्न नसकेर अन्यन्त्रै डाइभर्ट गर्नुपर्ने अवस्था आउँछ । खराब मौसम अर्थात् भिजिबिलिटी कम भएको बेलामा विमान अवतरण गर्नु भनेको निकै चुनौतीपूर्ण मानिन्छ । त्यसले पनि हाम्रो मुलुकको हवाई क्षेत्र अरू मुलुकको दाँजोमा अलि जोखिमपूर्ण मानिन्छ । यसो भनिरहँदा जोखिम भयो भन्दैमा जहाज नै नचढ्ने भन्ने होइन । जोखिम भएका विमान तथा मेसिनरी सामानहरूको समय(समयमा परीक्षण गरेर दक्ष पाइलटद्वारा सुरक्षित उडान गर्नुपर्छ । यसमा अप्रिय घटना हुन नदिन दिनप्रतिदिन सम्बन्धित निकायले चेकजाँच पनि गरिरहेकै हुन्छ ।

यी त भए, मुलुकमा अत्यधिक मात्रामा पर्यटक भित्र्याउन हवाई यातायातबाट आउने पर्यटक आगमनका लागि सुरक्षाका चुनौतीहरू । यहाँ असंख्य मात्रामा पर्यटकीय क्षेत्रहरू अवस्थित छन् । कति ठाउँ पहिचान भएका छन् त कति पहिचान हुन बाँकी छन् । पहिचान भएका पर्यटकीय क्षेत्रहरूमा नेपाल सरकार तथा पर्यटन व्यवसायीहरूले दिनानुदिन के(कसरी पर्यटकीय क्षेत्रहरूमा अत्यधिक पर्यटक भित्र्याउन सकिन्छ भनेर गहिरो अध्ययन(अनुसन्धान पनि गरिरहेकै छन् । भौगोलिक दृष्टिकोणले गर्दा पनि यहाँ पर्यटक आगमनका लागि प्रशस्त ठाउँ छन्, जुन प्राकृतिक रूपमा साह्रै मनमोहक, स्वर्गको टुक्राजस्ता छन्, जहाँ पुग्न पैदल यात्राको सहायता चाहिन्छ, त्यो पनि दुई(चार दिनको पैदल यात्रा ।

त्यस्ता ठाउँहरूमध्ये राराताल स्वर्गको टुक्राजस्तै छ । नेपाल आउने जोकोही विदेशी पर्यटक पनि यस ठाउँमा पैदलमार्ग भएरै पुग्ने गर्छन् । मौसमअनुसार रङरूप फेर्ने भएकाले गर्दा पनि यो अत्यन्तै महत्वपूर्ण पर्यटकीय क्षेत्र मानिन्छ । शे फोक्सुन्डो ताल पनि उत्तिकै मनमोहक ताल हो । त्यसपछि अर्को भनेको विश्वकै अग्लो स्थानमा रहेको तिलिचो ताल हो । यो पनि पर्यटकीय दृष्टिकोणले अत्यन्तै मनमोहक अनि महत्वपूर्ण मानिन्छ ।

त्यस्तै अर्को महत्वपूर्ण पर्यटकीय क्षेत्र भनेको संसारकै अग्लो शिखर सगरमाथा हो । यो ठाउँ नेपालको सोलुखुम्बु जिल्लामा अवस्थित छ । विश्वभरिका पर्यटकहरू विश्वको सर्वोच्च शिखर सगरमाथाको अवलोकन गर्न तथा शिखर चुम्न भनेर आउने गर्छन् । यो मुलुकको पहिचानको गहना पनि हो । यहाँ बर्सेनि हजारौं पर्यटकले सगरमाथाको अवलोकन गर्ने, तस्बिर खिच्ने तथा लामो समयसम्म यस सगरमाथाको काख नाम्चेबजारमा आएर बस्ने गर्छन् ।

पछिल्लो समय आन्तरिक पर्यटकहरूको आगमनले गर्दा पनि यहाँका होटल तथा रेस्टुराँहरू खचाखच भएका छन् । पैदल यात्राकै कुरा गर्दा सगरमाथाको आधार शिविर तथा आसपासका हिमश्रृंखला सोलुखुम्बुको नाम्चे बजारबाट दुई(चार दिनको पैदल यात्रापछि मात्र पुग्न सकिन्छ । त्यस्तैगरी मनाङ, मुस्ताङ पनि टाढा नै पर्छ भने नेपाल सरकारले पनि मुलुकभित्र रहेका यस्ता ठाउँमा सडकको स्तरोन्नति गर्नतिर ध्यान दिनु जरुरी देखिन्छ ।

आन्तरिक वा बाह्य पर्यटकहरूका लागि पथप्रदर्शकको उचित प्रबन्ध गर्नु जरुरी छ भने ट्रेकिङमा जाने पर्यटकहरूका लागि पनि सुरक्षा नीति अपनाउनु उत्तिकै जरुरी हुन्छ । जहाँ पर्यटक अत्यधिक आउने गर्छन् त्यस्ता ठाउँमा पनि पर्यटन व्यवसायीहरूले कसरी हुन्छ, सरल तरिकाले अवलोकन गर्ने वातावरण मिलाउनुका साथै मनोरञ्जनलगायतका सेवाहरूमा विशेष ध्यान दिनुपर्छ ।

हाम्रो देशभित्र अनगिन्ती धार्मिक तथा ऐतिहासिक महत्व बोकेका धार्मिक सम्पदाहरू छन्, तिनीहरूको उचित संरक्षण तथा पुनर्निर्माण र पर्यटक प्रवर्द्धनका लागि पनि उचित वातावरण सिर्जना गरी त्यस ठाउँमा स्थानीय निकायले पनि प्रचारप्रसार तथा पर्यटक आगमनका लागि उचित प्रवर्द्धन गर्नु उपयुक्त हुन्छ । पर्यटन भ्रमण वर्ष आउँदा मात्र विभिन्न कार्यक्रम गरी तामझाम गर्नुभन्दा सधैं पर्यटकीय क्षेत्रहरूको विषयमा पर्यटकहरूलाई हौसला प्रदान गर्नेलगायतका कामहरू गर्नुपर्ने देखिन्छ ।

जति पनि पर्यटन क्षेत्रहरू छन्, प्राकृतिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक तथा ऐतिहासिक महत्व बोकेका स्थानहरू छन्, तिनीहरूसँग पर्यटकहरूको आत्मीयतासँगै प्रकृतिप्रेमी सम्बन्धसमेत गाँसिएको हुन्छ । त्यसैले पर्यटन भ्रमण वर्षहरू आउँदै गर्दा अझ कसरी हुन्छ, मुलुकको भौगोलिक वातावरणमा रहेका पर्यटकीय क्षेत्रहरूमा वृद्धि, विकास गर्नुपर्छ ? के(कस्ता समस्याहरू छन् तिनको पहिचान गरी समस्याको समाधान गर्दै जानुपर्ने देखिन्छ ।

आगामी दिनमा पनि पर्यटन भ्रमण वर्ष सफल बनाउन तपाईं(हामी सबैले हातेमालो गर्दै आ(आफ्नो ठाउँबाट पर्यटकीय व्यवसायलाई, पर्यटकीय ठाउँहरूलाई हराभरा, स्वच्छ, मनोरम, सुन्दर पर्यावरणीय वातावरण सिर्जना गर्नु जरुरी हुन्छ ।

पर्यटकीय क्षेत्रसँग पर्यटन भ्रमण वर्ष गाँसिएको हुनाले र आउने पर्यटन भ्रमण वर्षहरू मुलुकको अर्थ उत्पादनको मेरुदण्ड भएकाले पनि पर्यटन व्यवसायको वृद्धि, विकासका लागि नेपाल सरकार तथा व्यवसायी, आममानिसहरू सबैले आ(आफ्नो ठाउँबाट जिम्मेवारी वहन गर्नु जरुरी हुन्छ । तब मात्र मुलुकले पर्यटकीय व्यवसायबाट अर्थतन्त्रमा काँचुली फेर्न सक्छ । कारोवार

# रामेछाप डायरी

## लिखु हाइड्रो पावरमा रामेछापका कटुवालको मृत्यु

रामेछाप । लिखु हाइड्रो पावर कम्पनीमा कार्यरत रामेछाप उमाकुण्ड गाउँपालिका कुभुकास्थलीका ४१ बर्षीय उद्योगबहादुर कटवालको पाँच दिनपछि पीडित परिवारले शव बुझेका छन् । हाइड्रो पावर कम्पनी र पीडित पक्षबीच पीडत कटवालको परिवारलाई कम्पनीले १५ लाख क्षतिपूर्ति दिने सहमति भएसँगै आफन्तले शव बुझेका हुन् । पाँच दिन अघि काम गर्ने शिलशिलामा एक्कासी बिरामी भएपछि कम्पनीलाई हेलिकोप्टर मगाइ दिन मृतक कटवालले आग्रह गरेका थिए । तर कम्पनीले वेवास्था गरेको कारण उनको कटुवालको मृत्यु भएको भन्दै पीडित पक्ष आन्दोलित भएको थियो । पाँच दिन अघि मृत्यु भएका कटवालको शवलाई आज सोलुखुम्बुको लिखुपिके गाउँपालिकाको किन्जास्थित स्वास्थ्य चौकीबाट बुझेर पोष्टमार्टमको लागि अहिले रामेछापको सदरमुकाम ल्याइएको जिल्ला प्रहरी कार्यालय रामेछापले बताएको छ । प्रहरीले जानकारी अनुसार पाँच लाख रुपैयाँ पीडित परिवारलाई नगद र बाँकी दस लाख बीमा रकम उपलब्ध गराउन सहयोग गर्ने गरी कम्पनी र पीडित पक्षबीच सहमति भएको छ ।

## गौरीशङ्कर माविले मनायो ५९ औँ वार्षिकोत्सव

रामेछाप जिल्लाकै पहिलो माध्यमिक विद्यालय श्री गौरीशङकर माध्यमिक विद्यालयले विविध कार्यक्रमको आयोजना गरी सोमबार ५९ औँ वार्षिकोत्सव मनाएको छ । प्रतिनिधी सभाका सांसद पूर्ण बहादुर तामाङ(कान्छाराम)को प्रमुख आतिथ्यता र विद्यालय व्यवस्थापना समितीका अध्यक्ष कमल विक्रम कार्कीको सभापतित्वमा आयोजित कार्यक्रममा बोल्दै सांसद कान्छारामले हरेक सामुदायिक विद्यालयको अवस्था खस्कदैं गएको भन्दै विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले शैक्षिक गुणस्तर सुधार गर्न आफु लागिपर्ने प्रतिबद्धता जनाउनुभयो । सक्षम र सिपयुक्त दक्ष जनशक्त उत्पादन गर्न अब सबै तहको सरकार लाग्नुपर्ने उहाँको भनाई छ । रामेछाप




नगरपालिकाका प्रमख लबश्री न्यौपानेले आफु अध्यन गरेको विद्यालयको विशिष अतिथी भएर बोल्न पाउँदा खुशी लागेको बताउनुभयो । ५९ औं वार्षिकोत्सवको अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले नगरपालिकाले नगरका सबै विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्दै लैजाने अभियानमा लागेको बताउनुभयो । शैक्षिक गुणस्तर सुधारको यो अभियानमा सबैलाई साथ दिन उहाँले आग्रह गर्नुभयो । विद्यालयका प्रधानाध्यापक निर बहादुर कार्कीले विद्यालयको ५९ औं वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहमा विद्यायको आयव्यय विवरण, शैक्षिक सुधारका लागी विद्यालयद्धारा चालिएका कदमहरु र भावि योजना प्रस्तुत गर्नभयो । ५९ औं वार्षिकोत्सवको अवसरमा विद्यालयलाई योगदान पुर्याउने विभिन्न क्षेत्रका व्यक्तित्वहरुलाई सम्मान गरिएको छ । उक्त कार्यक्रममा विद्यालयका शिक्षक तथा विद्यार्थीहरुले विविध सांस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरेका थिए । कार्यक्रममा जनप्रतिनिधी,विभिन्न कार्यलयका प्रमुख एवम प्रतिनिधी ,शिक्षक,विद्यार्थी अभिभावक लगायतको उपस्थिती रहेको थियो । विद्यालयमा अंग्रेजी नेपाली दुवै माध्यमबाट पठनपाठन हुँदै आएको छ ।

# बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र सञ्चालन प्रक्रिया अन्योलमा

लुम्बिनी । बुटवलमा निर्माण भएको बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र सञ्चालनमा आउन सकेको छैन । सम्मेलन केन्द्रको उद्घाटन भएको छ महिना बितिसक्दा पनि सञ्चालनसम्बन्धी आवश्यक कानुन नबन्दा अझै सञ्चालनमा आउन नसकेको हो । बुटवल उपमहानगर पालिका १० स्थित बुटवल मण्डपमा निर्माण भएको अत्याधुनिक सुविधा सम्पन्न सम्मेलन केन्द्रको गत भदौ ११ गते पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्नुभएको थियो । उद्घाटन भएको यति लामो समय बितिसक्दा पनि सञ्चालनसम्बन्धी आवश्यक कार्यविधि तयार नभएकाले सञ्चालनमा ल्याउन नसकिएको बुटवल सभा हल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन एकाइका आयोजना प्रमुख धर्मेन्द्र पन्थीले बताउनुभयो । उहाँले सम्मेलन केन्द्रको सञ्चालन समिति गठन गर्ने र समितिले सम्मेलन केन्द्र सञ्चालनका लागि निजी क्षेत्रलाई लिजमा दिन सक्ने गरी कार्यविधि स्वीकृतिका लागि सहरी विकास मन्त्रालयमा पठाइएको बताउनुभयो । “सरकारले आफैँ सञ्चालनको जिम्मा लिँदा व्यवस्थापन समस्या देखिने भएकाले समितिले निजी क्षेत्रलाई लिजमा दिने गरी कार्यविधिमा व्यवस्था गरिएको छ”, उहाँले भन्नुभयो, “सायद कार्यविधि छिट्टै स्वीकृत भएर आउँछ ।” विकास समिति ऐनअन्तर्गत सम्मेलन केन्द्र सञ्चालन समिति गठन गरेपछि त्यसले सम्मेलन केन्द्र भाडामा दिन सक्ने व्यवस्थाअनुसार अघि बढ्ने उहाँले बताउनुभयो । समितिमा तीन तहकै सरकारका प्रतिनिधि रहने गरी व्यवस्था गरिएको छ । अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र सञ्चालनको दीर्घकालीन योजना निर्माणका लागि विभागका उपमहानिर्देशक प्रकिरण तुलाधरको संयोजकत्वमा अध्ययन कार्यदल बनाइएको र त्यसको रिपोर्ट आएपछि मात्र सञ्चालन ढाँचा तय हुने सहरी विकास मन्त्रालयका प्रवक्ता सहसचिव प्रदीप परियारले बताउनुभयो । “व्यावसायिक हिसाबले कुन ढाँचामा सञ्चालन गर्न उपयुक्त हुन्छ भनेर योजना बनाउने गरी काम भइरहेको छ”, प्रवक्ता परियारले भन्नुभयो, “सञ्चालन गरिसकेपछि बारम्बार समस्या आउनुभन्दा सञ्चालनमा दिगोपना रहने गरी योजना बनाउने हो त्यसैले अध्ययन रिपोर्ट कुरेका छौं ।” सम्मेलन केन्द्र उद्घानपछि हल भाडामा लिन चाहनेहले सम्पर्क गरे पनि कार्यविधिका कारण सेवा दिन नसकिएको आयोजना प्रमुख पन्थीले बताउनुभयो । “हलका लागि धेरैले सम्पर्क गरेका छन् तर सञ्चालन कार्यविधिअनुसार विकास समिति नहुँदा मिल्दैन”, उहाँले भन्नुभयो, “उद्घाटन भएको छ महिनासम्म कार्यविधि अभावमा सञ्चालन गर्न नसक्दा राम्रो सन्देश जाँदैन ।”अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र रेखदेख र सरसफाइमा असारसम्म निर्माण कम्पनीले नै खर्च र रेखदेख गर्ने सम्झौता छ । सम्मेलन केन्द्र काठमाडौँ बाहिरको पहिलो अन्तर्राष्ट्रियस्तरको हो । रु एक अर्ब ११ करोड लागतमा सहरी विकास मन्त्रालयअन्तर्गत भवन निर्माण विभागले सो केन्द्र निर्माण गरेको हो । यसमा मुख्य हल एक हजार सिट क्षमताको छ । बुटवल मण्डपको साढे छ बिघा क्षेत्रफलमा एक हजार जना क्षमताको मुख्य र अन्य १२ वटा हल छन् । आकाशबाट हेर्दा नेपालको राष्ट्रिय झण्डा आकारमा तयार पारिएको सम्मेलन केन्द्रको मुख्य हल (अडिटोरियम हल) मा बाल्कोनी र भुइँतलामा बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

“सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।”

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१–४२६३४८५, ४२६३४८१

# नेपाल इन्भेष्टमेण्ट मेगा बैंक ३८औं वर्षमा

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड ३८औं वर्षमा प्रवेश गरेको छ। वार्षिकोत्सवका अवसरमा बैंकका अध्यक्ष पृथ्वीबहादुर पाण्डेले यो बैंक देशकै अग्रणी बैंक बन्न सफल भएको बताए। स्थापनाको ३८ वर्षसम्म आइपुग्दा बैंकले व्यावसायिक उत्कृष्टता र ग्राहक सन्तुष्टिलाई उच्चतम स्थानमा राखी सेवा प्रवाह गरिरहेको उनले बताए।



गएको पुसमा वित्तीय बजारका परिचत बैंकहरू नेपाल इन्भेष्टमेण्ट र मेगा बैंक नेपाल लिमिटेडबीच मर्जर भएको थियो। मर्जरपछि वित्तीय क्षेत्रमा थप ऊर्जा प्रदान हुनुका साथै नेपाल राष्ट्र बैंकको मर्जर नीतिलाई थप उत्साह प्रदान गरी अरू बैंकहरूलाई समेत मर्जरका लागि प्रेरित गरेको अध्यक्ष पाण्डेले बताए।

यसैगरी, बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ज्योतिप्रकाश पाण्डेले वित्तीय बजारमा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक एक प्रतिष्ठित, अब्बल तथा जनप्रिय बैंकका रूपमा स्थापित भएको बताए।

संस्थापकको सोच र भिजनका कारण देशकै विश्वासिलो र अग्रणी बैंकका रूपमा स्थापित भएकामा गर्व लागेको बताउँदै उनले ग्राहकवर्गको चाहनाअनुसार आगामी दिनमा थप नवीनतम सेवा प्रवाह गरिने बताए। 'समृद्धिको पथमा सँगै अघि बढ्दै' भन्ने नारा लिएको यो बैंकले वार्षिकोत्सवका अवसरमा ग्राहकहरूलाई डेबिट कार्ड तथा मोबाइल बैंकिङ सुविधा लिँदा सीमित महिनाका लागि शुल्क नलाग्ने सुविधा ल्याएको छ। यो सुविधाले राष्ट्र बैंकले डिजिटल प्रविधिको उपयोगमा प्रवर्द्धन गर्ने नीतिलाई प्रोत्साहन गर्ने सीईओ पाण्डेको विश्वास छ।

यसैबीच, ३७औं वार्षिकोत्सवका अवसरमा बैंकले नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा रक्तदान कार्यक्रम गरेको छ। रक्तदानमा बैंकका कर्मचारीहरूको सहभागिता थियो। यस्तै, वार्षिकोत्सवका अवसरमा साना बालबालिकामा बचत गर्ने बानीलाई प्रोत्साहन गर्ने उद्देश्यले वित्तीय ज्ञानमा आधारित एक बाल पुस्तक पनि सार्वजनिक गरिएको छ। इन्भेष्टमेण्ट मेगा बैंकले २९६ शाखा, २७९ एटीएम, ५० एक्सटेन्सन काउन्टर, १० राजस्व संकलन काउन्टर र १०९ शाखारहित बैंकिङ काउन्टरबाट सेवा प्रदान गरिरहेको छ।

उत्कृष्ट सेवा र व्यवसायका लागि सातपटक 'बैंक अफ दी एयर अवार्ड' प्राप्त गरिसकेको यो बैंकले अन्तर्राष्ट्रिय युरो मनीबाट 'बेस्ट बैंक २०१८' र 'बेस्ट बैंक २०२१' का लागि युरोमनी अवार्डहरू प्राप्त गर्न सफल भएको छ। साथै, अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ एजेन्सी (इन्फ्रा) नेपालले यो बैंकलाई 'ए' क्रेडिट रेटिङ गरेको छ।

# कुमारी बैंकले विद्युतीय सवारीसाधन कर्जा प्रदान गर्ने

कुमारी बैंक लिमिटेड र सिप्रदी ट्रेडिङ प्रालिका बीच ग्राहकलाई टाटा मोटर्सको विद्युतीय सवारीसाधन खरिद गर्नका लागि कर्जा प्रदान गर्ने सम्झौता



भएको छ।

पछिल्लो समय विद्युतीय सवारीसाधनको लोकप्रियता बढ्दै गएको र सोहीअनुरूप आफ्ना ग्राहकको माग पूरा गर्न कुमारी बैंकले आफ्ना देशव्यापी शाखाहरुबाट सहज रुपमा विद्युतीय सवारी साधन कर्जा उपलब्ध गराउनेछ। यस सहकार्यपश्चात कुमारी बैंकका ग्राहकले टाटा मोटर्सको विद्युतीय सवारीसाधन खरिद गर्दा बैंकबाट सजिलै बिजक मूल्यको ८०% सम्म कर्जा प्राप्त गर्न सक्नेछन्।

यसका साथै कर्जाको अवधि ८ वर्षसम्म रहने प्रावधान गरिएको छ। आफ्ना देशव्यापी ३०४ शाखा सञ्जाल, २९४ एटीएम, ६२ शाखारहित बैंकिङ इकाइ तथा ४९ एक्सटेन्सन काउन्टरबाट आफ्ना ग्राहकलाई अत्याधुनिक बैंकिङ सुविधाहरु दिँदै आएको कुमारी बैंकले आगामी दिनहरुमा अझ सुरक्षित, सरल, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्दै जाने प्रतिबद्धता जनाएको छ।

# ग्लोबल आइएमई बैंकको एक्सटेन्सन काउन्टर विस्तार

ग्लोबल आइएमई बैंकले नवलपरासी जिल्लाको विनयी-त्रिवेणी गाउँपालिका-४ सर्दीमा ६४औं एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ। सेवाग्राहीको बढ्दो चाप र विस्तारित बैंकिङ सेवाको आवश्यकतालाई मध्यनजर गर्दै बैंकको दुम्कीबास शाखाको मातहतमा रहनेगरी यो एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको हो।

यस एक्सटेन्सन काउन्टरबाट निक्षेप संकलन गर्ने, नगद भुक्तानी गर्ने, मोबाइल तथा अनलाइन बैंकिङ सेवा दिने, रेमिट्यान्सको सुविधा प्रदान गर्नेलगायत सबै किसिमका साधारण बैंकिङ सेवाहरु उपलब्ध हुने बैंकले जनाएको छ।

# ज्योति विकास बैंकको ६.८ प्रतिशत लाभांश प्रस्ताव पारित

ज्योति विकास बैंकको १५ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। साधारण सभाले बैंकको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्नुका साथै बैंकको सञ्चालक समितिले प्रस्ताव गरेअनुसार सेयरधनीलाई हाल कायम भएको चुक्ता पुँजीको ३ प्रतिशत बोनस सेयर तथा ३.८ प्रतिशत नगद




लाभांश प्रदान गर्ने प्रस्ताव पारित गरेको छ।

बैंकले ३ प्रतिशत बोनश सेयर पारित गरेपश्चात् बैंकको चुक्ता पुँजी ४ अर्ब ३९ करोड ५७ लाख ८५ हजार पुगेको छ। यसैगरी साधारण सभाले आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदनसहित २०७९ असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायतका वार्षिक वित्तीय विवरणमा छलफल गरी स्वीकृत गर्नुका साथै बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गरेको छ। सभाले बैंकको आ.व. २०७९/०८० को लेखापरीक्षण गर्न लेखा परीक्षक नियुक्ति गर्नुको साथै बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि. को आ.व.२०७८/०७९ को वित्तीय विवरणसहितको बैंकको एकीकृत वित्तीय विवरण छलफल गरी पारित गरेको छ।

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक १५औं वर्षमा

शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक १४औं वर्ष पूरा गरी १५औं वर्षमा प्रवेश गरेको छ। बैंकले १४ वर्षको अवधिमा ८८ वटा शाखा, एउटा एक्सटेन्सन कार्यालय र १६ स्थानमा एटिएममार्फत ६ लाखभन्दा बढी ग्राहकलाई सेवा दिइरहेको जनाएको छ। प्रदेश १ र मधेश प्रदेश बाहेक पाँच वटा प्रदेशका २० जिल्लामा शाखा विस्तार गरिसकेको बैंकका अध्यक्ष थानेश्वर पौडेलले बताए।




८८ वटा शाखामध्ये ७२ वटा शाखा लुम्बिनी प्रदेशका १० वटा जिल्लामा मात्रै रहेका छन् लुम्बिनीका रोल्पा र रुकुम पूर्व बाहेक १० वटै जिल्लामा शाखा विस्तार गरी सेवा दिइरहेको उनले बताए।

त्यस्तै, बागमती प्रदेशमा काठमाडौंमा ६ वटा शाखा विस्तार गरेको छ भने चितवन, ललितपुर र भक्तपुरमा एक/एक वटा शाखा रहेका छन्। बैंकले कैलालीमा २ वटा र कास्की, बाग्लुङ, नवलपुर, कञ्चनपुर र सुर्खेतमा एक/एक वटा शाखा विस्तार गरेको छ। प्रदेश-१ र मधेश प्रदेश बाहेकका सबै प्रदेशमा बैंकको पहुँच पुगेको छ। लुम्बिनी प्रदेशको बुटवलमा केन्द्रीय कार्यालय रहेकाले अधिकांश शाखा सञ्जाल लुम्बिनी प्रदेशमै केन्द्रीत छन्। बैंकले उपत्यकामा पनि आफ्नो सेवा विस्तार गरिसकेको छ। गत वर्ष मात्रै बैंकले दर्जन बढी शाखा कार्यालय काठमाडौं उपत्यकामा सञ्चालनमा ल्याएको हो। अध्यक्ष पौडेलले बैंकले आवश्यकता हेरेर मात्रै शाखा विस्तार गर्दै आएको बताए।

समुदायले गरेको विश्वास र लगानीकै कारण चारजना कर्मचारीबाट सुरू गरिएको बैंकमा हाल ९८७ जना कर्मचारी कार्यरत रहेका उनले बताए। स्थापनाको समयमा १० करोड चुक्ता पुँजीबाट सुरू गरिएको बैंकको हालको चुक्ता पुँजी ४ अर्ब २८ करोड रुपैयाँ र जारी पुँजी ५ अर्ब रुपैयाँ पुगेको छ। बैंकले व्यापार, कृषि, उद्योग, होटल तथा पर्यटन क्षेत्रमा कुल कर्जाको ५७.४० प्रतिशत कर्जा लगानी गरेको बैंकको भनाइ छ।

# प्रभु लाइफका एमडीआरटी विजेता सम्मानित

प्रभु लाइफ इन्स्योरेन्सले चितवनको सौराहामा 'एमडीआरटी एचिभर्स ग्राण्ड अवार्ड सेरेमोनी' विभिन्न कार्यक्रम गरी भव्यताका साथ सम्पन्न गरेको छ। कम्पनीले सञ्चालन गरेको उक्त कार्यक्रममा कम्पनीबाट एमडीआरटी २०२३



मा छनौट भएका विजयी अभिकर्ता सम्मान गरेको हो। एमडीआरटी एचिभर्स ग्राण्ड अवार्ड सेरेमोनीको उद्घाटन कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले गरेका हुन्। तीन दिनसम्म सञ्चालन भएको कार्यक्रममा अभिकर्ता सम्मान, अन्तर्राष्ट्रिय प्रशिक्षकद्वारा मोटिभेसनल सेसन एवं विभिन्न रिफ्रेसमेन्ट कार्यक्रमहरु रहेका थियो। कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रसाईंले सबैको मिहिनेतले नै सफलता प्राप्त गरी यस्तो उत्सव मनाउन लागिएको बताए।

## अर्थ संसार

# इन्फिनिटी लघुवित्त वित्तीयको छैठौं वार्षिक साधारण सभा

इन्फिनिटी लघुवित्त वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभा तथा कर्मचारीको नेतृत्व विकास तालिम सम्पन्न गरेको छ। संस्थाको साधारणसभाले चुक्ता पुँजीको २० प्रतिशतले कायम हुन आउने आठ २९ लाख दुई हजार




६५६ रुपैयाँ बराबरको बोनस सेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गरेको छ। सभाले आ.व.२०७९/०८० को लेखापरीक्षणक लागि लेखापरीक्षक नियुक्तिको सिफारिस तथा वित्तीय संस्थाले एक वा एक भन्दा वढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनार्थ सम्पूर्ण कार्य गर्ने अख्तियारी समेत सञ्चालक समितिलाई प्रत्यायोजन गरेको छ। सभाले वित्तीय संस्थामा कार्यरत कर्मचारी मध्ये उत्कृष्ठ कार्य गर्ने कर्मचारीलाई सम्मान पनि गरेको छ। कार्यक्रममा पूर्वाधार विज्ञ डा. सूर्यराज आचार्यले नेतृत्व विकास तालिम दिएका थिए।

# सिभिल क्यापिटलको अध्यक्षमा भोलाबहादुर बिष्ट चयन

सिभिल क्यापिटल मार्केटको अध्यक्षमा भोलाबहादुर बिष्ट चयन भएका छन्। कम्पनी सञ्चालक समितिको आइतबार भएको बैठकले उनलाई अध्यक्ष पदमा सर्वसम्मत चयन गरेको हो। यसअघि सिभिल बैंकबाट प्रतिनिधित्व गर्दै क्यापिटलको अध्यक्षमा सुमन आचार्य थिए। तर, हिमालयन बैंकले सिभिल



बैंकलाई प्राप्ति गरेसँगै आचार्य सिभिल बैंकबाट नै बाहिरिएका थिए। त्यसपछि फागुन ११ गतेदेखि लागु हुने गरी क्यापिटलको सञ्चालक पदमा मुख्य लगानीकर्ता सिभिल बैंकबाट प्रतिनिधित्व गर्दै भोलाबहादुर बिष्ट चयन भएका थिए। उनी सन् २००२ मा महेन्द्र विद्याभूषणद्वारा विभूषित हुन् भने उनीसँग २० वर्षको बैंकिङ अनुभव छ। फागुन १४ गते उनी अध्यक्ष चयन भएका हुन्। विगत १३ वर्षदेखि उनी सेवारत सिभिल क्यापिटल मार्केटले प्राथमिक सेयर निष्कासन, निक्षेप सदस्य, लगानी व्यवस्थापनको कार्य, सेयर प्रत्याभूति र संस्थागत परामर्श सेवा लगायत पुँजीबजार सम्बन्धी सेवाहरु प्रदान गर्दै आएको छ।

# एनआईसी एसियाले दुई लाखसम्म फोन लोन दिने

एनआईसी एसिया बैंकले आफ्नो मोबाइल बैंकिङ एपबाटै डिजिटल




रुपमा कर्जा प्रदान गर्ने भएको छ। बैंकले एनआईसी एसिया फोनलोन सेवा शुभारम्भ गरेको हो। बैंकले ल्याएको उक्त सेवाबाट ग्राहकले मोबाइल एपमार्फत विना कुनै कागजी प्रक्रिया, धितो एवं भौतिक रुपमा बैंकका शाखा उपस्थित नभई अधिकतम २ लाखसम्मको पूर्वस्वीकृत कर्जाको लाभ उठाउन सक्नेछन्। बैंकले ल्याएको यस नयाँ सेवाबाट ग्राहकले १ महिनादेखि १२ महिनासम्मको मासिक किस्ताबन्दीमा कर्जा प्राप्त गर्न सक्नेछन्। यस बैंकमा रहेको तलब बचत खाता, नियमित कारोबार एवं यस बैंकमा बक्यौता कर्जा नरहेको लगायत अन्य केही शर्त एवं मापदण्डको आधारमा ग्राहक महानुभावहरूले कर्जा सेवा उपभोग गर्न सक्नेछन्।

# भद्र सहमति कि जाली तमसुक ?

राजाराम गौतम

एमाले अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) बीचको चिसो सम्बन्ध पुस माघको घामले के तताओस् ! दुई महिनायता यी दुई नेताबीच लगातार घामसंवादहरू भए तर तिक्तता र चिसोपन हटेन । नतिजा, फेरि सम्बन्धविच्छेद भयो ।

एक समय यी दुई नेताको सम्बन्धमा न्यानोपन थियो । २०७४ मा पार्टी एकता गर्दा उनीहरूले बालुवाटारको बगैँचामा जापानी प्रजातिको बिरुवा जिन्को रोप्दै भनेका थिए, 'जापानको हिरोसिमा र नागासाकीमा अमेरिकाले अणु बम खसाल्दा जिन्को नमरेजस्तै हाम्रो एकता पनि मर्नेछैन ।' ओली प्रचण्डले पार्टी एकता त बचाउन सकेनन् नै, यी दुईबीच दुई महिनाअघि नवीकृत सहकार्य पनि टिकेन । बरु, हरेक छ महिनामा रङ फेर्ने जिन्कोको पातले भन्दा पनि छिटो ओली, प्रचण्ड सम्बन्धले रङ फेर्‍यो । र, एक पटक फेरि 'भद्र सहमति' तोडियो ।

प्रचण्डले ओलीसँगको सहमति तोडेर कांग्रेस सभापति शेरबहादुर देउवा र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग सत्ता सहकार्यको अर्को भद्र सहमति गरेका छन् । पाँच वर्षमा तीन जना आलोपालो प्रधानमन्त्री बन्ने भद्र सहमति भएको बताइएको छ । यद्यपि त्यो लिखित वा मौखिक के हो, प्रस्ट छैन । जे भए पनि यसमाथि संशय जन्मिन्छ , के यो भद्र सहमति टिक्ला ? यो संशय किन पनि उठ्छ भने, राजनीतिक नेतृत्वले भद्र सहमतिको कार्यान्वयन र पालना विरलै गर्ने गरेका छन् । विगतका दृष्टान्त नै यस्ता छन्, जसले राजनीतिक नेतृत्वको इमान र विश्वसनीयतामा प्रश्नै प्रश्न उठ्छन् । राजनीतिको शीर्ष तहमा बसेर भद्र सहमति गर्ने कुनै पनि नेता पानीमाथिको ओभानो छैनन् । धोकाधडी, षड्यन्त्र, अवसरवाद अनि अस्थिरता यिनको चरित्र बनेको छ ।

पछिल्ला दुई तीन महिनायताकै घटनाक्रम हेरौँ ।

**दुई महिने अस्थिरता**

आम निर्वाचन २०७९ मा कांग्रेस पहिलो र माओवादी केन्द्र तेस्रो पार्टी भए । यी दुई मुख्य घटकसहितको पाँचदलीय गठबन्धन संयुक्त रूपमा चुनाव लडेको थियो । चुनाव परिणामपछि यही गठबन्धनले सरकार गठनको अभ्यास थाल्यो, जुन स्वाभाविक थियो । त्यस दौरान देउवा र प्रचण्डबीच आलोपालो प्रधानमन्त्री बन्ने भद्र सहमति बन्यो । प्रचण्ड पहिलो चरणमै आधा कार्यकाल प्रधानमन्त्री हुन चाहन्थे । संसदीय दलको निर्वाचनअघि देउवा त्यसका लागि तयार देखिए । तर, जब उनी संसदीय दलको नेता निर्वाचित भए, पहिलो चरणमा प्रधानमन्त्री छोड्न राजी देखिएनन् । जुनसुकै सर्तमा प्रधानमन्त्री बन्ने एकल सूत्रमा अघि बढेका प्रचण्ड त्यसपछि बिच्किएर बालकोट पुगे ।

निर्वाचनअघिदेखि नै पाँचदलीय गठबन्धन भत्काउने रणनीति जप्दै बसेका ओलीले प्रचण्डको आकांक्षा पूरा गरिदिए ।

२०७९ पुस १० मा ओली, प्रचण्ड सम्बन्ध मात्रै नवीकृत भएन, अर्को भद्र सहमति बन्यो, जसको सार थियो । आलोपालो प्रधानमन्त्री बन्ने, पहिलो चरणमा प्रचण्ड र दोस्रोमा ओली । राष्ट्रपति र सभामुखमा माओवादी केन्द्रले एमालेलाई सघाउने ।

यसरी एउटा भद्र सहमति टुटेर अर्को बन्यो र प्रचण्ड प्रधानमन्त्री भए । तर, उनले यतिमै चित्त बुझाएनन् । संसद्को शक्ति सन्तुलनको लाभ लिँदै प्रधानमन्त्रीमा टिकिरहने रणनीति बुन्न थाले । यता देउवाको हुस्सुपनाले ठूलो पार्टी भए पनि सत्ताविमुख हुनुपरेको पीर कांग्रेसलाई थियो । सत्ता राजनीतिको दाउपेचमा देउवा पनि कम होइनन् । उनले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएर एमाले(माओवादी गठबन्धनमा अविश्वासको बीउ रोपिदिए । त्यहीँबाट ओली(प्रचण्ड भद्र सहमतिको जग हल्लिन थाल्यो र दुई महिनामै ढल्यो ।

खासमा यो सहमतिको जग नै बलियो थिएन । ओली र प्रचण्डबीचको सहकार्य बाध्यता र दाउपेचको उपज थियो । चौतर्फी घेराबन्दीका बावजुद संसद्मा दोस्रो ठूलो दलका रूपमा आफूलाई उभ्याउन सकेका ओली पाँचदलीय गठबन्धन भत्काएर सत्ताको साँचो आफ्नो हातमा लिन चाहन्थे । राष्ट्रपति, सभामुखजस्ता महत्वपूर्ण पद प्राप्त गरेपछि आलोपालो प्रधानमन्त्री पनि आफैँ हुन सक्ने देखेर उनले प्रचण्डतिर फेरि हात बढाएका थिए ।

तर, प्रचण्ड ओलीसँग सहज महसुस गरिरहेका थिएनन् । उनी ओलीको कार्यशैली र व्यवहारबाट पहिलेदेखि नै आजित थिए । त्यसमाथि ओलीको निगाहमा प्रधानमन्त्री बनेका उनी, कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले भनेझैँ, 'पिँजडामा कैद' भएको महसुस गर्दै थिए । त्यसबाट निस्किने माध्यम बन्यो, राष्ट्रपति निर्वाचन ।

राष्ट्रपति र सभामुख एमालेलाई दिने सहमति बन्द कोठामा गरे पनि त्यहीँबाट प्रचण्डले खेल्न थाले । उनले राष्ट्रिय सहमतिको नारा अघि सारे । कांग्रेसको भूमिका यहाँनेर उनलाई लाभदायक भयो । ओलीले संशय गरेजस्तै देउवाले राष्ट्रपतिको च्याँखे थाप्नै प्रचण्डलाई विश्वासको मत दिएका थिए । यसपछि ओलीले जब बारम्बार कटाक्ष गर्न थाले, देउवाले मात्रै होइन, सम्पूर्ण कांग्रेसले यसलाई प्रतिष्ठाको विषय बनायो र राष्ट्रपति पोल्टामा पार्ने कसरतमा जुट्यो । पार्टीभित्र प्रतिपक्षको भूमिका छोडेको भनेर 'नोट अफ डिसेन्ट' लेख्ने असन्तुष्ट नेताहरूसमेत ओलीको प्रतिवादमा उत्रिए । ओली, प्रचण्डको सहकार्य टुट्नुमा मुख्य तीन कारण छन् । ओलीको कार्यशैली, देउवाको च्याँखे, प्रचण्डको रणनीति । यी तीनै कारणको योगफल हो, एमालेसँगको सहकार्य भत्किएर आठदलीय गठबन्धनको निर्माण ।

आठदलीय गठबन्धनले कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेललाई राष्ट्रपतिको साझा उम्मेदवार बनाएको छ भने एमालेले पूर्वसभामुख सुवास नेम्वाङलाई अघि सारेको छ । संख्यात्मक सन्तुलन हेर्दा पौडेल तेस्रो राष्ट्रपतिमा चुनिने निश्चितप्रायः छ । यद्यपि एमालेले 'फाइटिङ स्पिरिट' कायम राख्दै नेम्वाङलाई अघि सारेपछि निर्वाचन रोमाञ्चक हुने अनुमान गर्न सकिन्छ । आठ दलको राजनीतिक इमान र विश्वसनीयताको परिक्षा फागुन २५ गते एक पटक फेरि हुनेछ ।

अहिले जुन 'भद्र सहमति' को जगमा पौडेलको उम्मेदवारी कायम भएको छ, त्यो पूर्ण रूपमा पालना होला ? विगतका धोकाधडीका नजिरले यस्तो प्रश्न स्वाभाविक रूपमा जन्माउँछन् । भद्र सहमति दुई वा बढी पक्षहरूबीच हुने अनौपचारिक सम्झौता हो । सामान्यतया यो मौखिक हुन्छ र कतिपय अवस्थामा सार्वजनिक नगर्ने सर्तमा लिखित पनि गरिन्छ ।

तर, नेपाली सन्दर्भमा भद्र सहमति कुनै जिम्वालले गरेका फर्जी तमसुकजस्ता लाग्छन्, जसको कार्यान्वयन र पालना बाध्यकारी हुँदैन । सत्ता दाउपेचलाई केन्द्रमा राखेर गरिने यस्ता भद्र सहमति विभिन्न दृश्य अदृश्य शक्तिकेन्द्रको आडमा राजनीतिक नेतृत्वले लत्याउने गरेको छ । लोकतन्त्रयताकै केही दृष्टान्त हेरौँ ।

(अ)भद्र सहमतिका दृष्टान्त

दृष्टान्त १ : भद्र सहमति तोड्ने शृङ्खलाको सुरुआत प्रचण्डले नै गरेका हुन् । गिरिजाप्रसाद कोइरालालाई पहिलो राष्ट्रपति नबनाएर धोका दिएकामा उनी बेलाबखत पछुताउँछन् पनि ।

२०६३ सालमा मुलुक नयाँ राजनीतिक कोर्समा अघि बढेदेखि नै धोकाधडीको राजनीति सुरु भयो । २०६५ जेठ १५ गते पहिलो संविधानसभाको बैठकबाट गणतन्त्रको कार्यान्वयन गर्ने संकल्प भइसकेको थियो । तर, दलहरूबीच कस्तो राष्ट्रपति भन्ने सहमति बनेको थिएन । माओवादीले संविधानसभा निर्वाचनमा प्रचण्डलाई भावी राष्ट्रपतिका रूपमा प्रस्तुत गर्दै आएको थियो । उसले कार्यकारी अधिकारसहितको राष्ट्रपतीय प्रणालीका पक्षमा आफूलाई उभ्यायो । कांग्रेस, एमालेले आलंकारिक वा संवैधानिक राष्ट्रपतिको व्यवस्था गर्नुपर्ने अडान राखे ।

गणतन्त्र कार्यान्वयनमा समस्या आउने देखेपछि माओवादी अडानबाट पछि हट्यो । संविधानसभा निर्वाचनमा सबैभन्दा ठूलो दल बनेको माओवादीले प्रचण्डलाई प्रधानमन्त्रीका रूपमा अघि सार्ने निधो गर्‍यो । त्यसै दौरान प्रचण्डले गिरिजाप्रसाद कोइरालालाई संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो राष्ट्रपति बनाउने अनौपचारिक वचन दिएका थिए । भनिन्छ, प्रचण्ड र कोइरालाबीच यो भद्र सहमति बनेको थियो ।

दोस्रो जनआन्दोलनको नेतृत्व गर्दै माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने भूमिका खेलेका कोइराला पनि आलंकारिक नै सही, पहिलो राष्ट्रपति भएर इतिहासमा नाम लेखाउन चाहन्थे । तर जब राष्ट्रपति चयन प्रक्रिया बढ्न थाल्यो, माओवादीले वचन फेर्‍यो । प्रचण्डले कांग्रेस र एमालेलाई खेलाउन सुरु गरे । सुरुमा माओवादीले नागरिक आन्दोलनका अगुवा वा स्वतन्त्र व्यक्तिलाई राष्ट्रपति बनाउनुपर्ने प्रस्ताव सार्‍यो । त्यही क्रममा देवेन्द्रराज पाण्डे, पद्मरत्न तुलाधर, विश्वनाथ सिंह, नरबहादुर कर्माचार्य, साहना प्रधान आदि नामहरू चर्चामा ल्याइए ।

गणतन्त्र नेपालको पहिलो राष्ट्रपति को बन्ने भन्ने विमर्श बढ्दै जाँदा माओवादीले कोइरालाबाहेक अरू विकल्पमा सोच्न सकिने बताएपछि एमालेका माधव नेपालको नाम अगाडि आयो । असार ६ मा एमाले र माओवादीबीच गणतन्त्र नेपालको पहिलो राष्ट्रपति नेपाललाई बनाउने सहमति पनि भयो ।

मनोनयनको एक दिनअघिसम्म नेपालको नाममा सहमत प्रचण्डले भोलिपल्ट रामराजाप्रसाद सिंहलाई राष्ट्रपतिका रूपमा अघि सारेपछि एमाले नेता भरतमोहन अधिकारीले आफ्नो पुस्तक 'संसद्देखि संविधानसभासम्म' मा लेखेका छन्, 'राष्ट्रपति मनोनयन दर्ता गर्ने एक दिनअघि माओवादीले राष्ट्रपतिमा माधव नेपाललाई समर्थन गर्ने फाइनल गरे । तर भोलिपल्ट झलनाथजीलाई बोलाएर प्रचण्डले त्यस्तो गर्न सकिँदैन भनेर खबर पठाउनुभयो । यता माधव नेपालको नाममा समर्थन गरेर उता रामराजाप्रसाद सिंहलाई उम्मेदवार बनाउने तयारी चल्दै रहेछ ।'

अन्तिम समयमा माओवादीले एमालेसँगको भद्र सहमति तोडेपछि कांग्रेसले डा. रामवरण यादव, माओवादीले रामराजाप्रसाद सिंह र एमालेले रामप्रीत पासवानलाई राष्ट्रपति उम्मेदवार बनाए ।

कांग्रेसमा यादव राष्ट्रपतिको उम्मेदवार बन्नुमा पनि गज्जबको संयोग छ । खासमा कोइरालाले भीमबहादुर तामाङलाई उम्मेदवार बनाउन चाहेका थिए । उनको नागरिकता नभेटिएपछि त्यही प्रस्ताव रामचन्द्र पौडेललाई राखे । पौडेलले उम्मेदवार हुन अस्वीकार गरेपछि यादवसमक्ष उक्त प्रस्ताव पुगेको थियो । जित्ने आस नगरिएका यादवले इतिहास रचे र पहिलो राष्ट्रपति भए । एमालेले अहिले यही दृष्टान्त सम्झेर नेम्वाङलाई अघि सारेको हुनुपर्छ ।

दृष्टान्त २ : २०७२ जेठ २५ गते प्रमुख दलहरू कांग्रेस, एमाले, माओवादी, गच्छदार नेतृत्वको फोरमबीच १६ बुँदे समझदारी बन्यो, जसको आडमा नेपालको संविधान( २०७२ जारी भयो । १६ बुँदे गर्दा दलहरूबीच अर्को भद्र सहमति पनि भएको थियो । ओली प्रधानमन्त्री बन्ने, सुशील कोइरालालाई राष्ट्रपति र माओवादीका कुनै नेतालाई सभामुख बनाउने । तर जब संविधान जारी भयो, सुशील कोइराला पद छोड्न तयार भएनन् । भनिन्छ, दक्षिण छिमेकको दबाबमा उनी पछि हटे । सुशील, प्रचण्ड र ओलीबीचको सहमति टुटेपछि ओली र प्रचण्डले भद्र सहमति गरे ।

ओली र प्रचण्डबीच आलोपालो सरकार चलाउने सहमति बनेपछि माओवादीको सहयोगमा सुशील कोइरालालाई हटाएर ओली प्रधानमन्त्री भए । कोइरालाले राष्ट्रपति बन्ने अवसर गुमाए, विद्यादेवी भण्डारी राष्ट्रपति बनिन् र नेपालको इतिहासमै पहिलो महिला राष्ट्रपति बनेर उनले गर्विलो इतिहास बनाइन् ।

ओली प्रचण्डको भद्र सहमति पनि लामो समय टिकेन । त्यसपछि प्रचण्ड र देउवाबीच नौ नौ महिना आलोपालो सरकार चलाउने भद्र सहमति बन्यो । यो एउटै त्यस्तो नजिर हो, जुन कार्यान्वयन भयो । प्रचण्डले सहमति बमोजिम देउवालाई सत्ता छोडे ।

देउवाको नेतृत्वमा संविधान जारी भएपछि २०७४ मा पहिलो आम निर्वाचन भयो । त्यो निर्वाचनमा मुलुकभर वाम लहर आयो । दुई ठूला कम्युनिस्ट पार्टी एमाले र माओवादी केन्द्र मिलेर चुनाव लडेका थिए । राजनीतिक स्थिरताको नारासहित मोर्चाबन्दी गरेर लडेका दुई पार्टीबीच एकता भयो । सरकारका सबै संयन्त्रमा कम्युनिस्टहरूकै बोलवाला थियो । आलोचना र विवादका बावजुद भण्डारी दोस्रो पटक राष्ट्रपति भइन् ।

इतिहासमै बलियो मानिएको र चौतर्फी अनुकूलता रहेको कम्युनिस्ट सरकार आफ्नै अन्तर्द्वन्द्वले छिन्नभिन्न भयो । ओली र प्रचण्डबीच सत्ता साझेदारीको भद्र सहमति पालना नभएपछि सुरु भएको अन्तर्द्वन्द्व यति चर्कियो कि, राजनीति अदालत पुग्यो । अदालतको परमादेशबाट प्रधानमन्त्री भएका देउवाकै नेतृत्वमा दोस्रो आम निर्वाचन भएपछिको सरकार निर्माण लगायतका राजनीतिक प्रक्रिया सुरु भएको छ । तर, अझै राजनीति सल्टिएको छैन ।

राजनीति केही थान नेताको सत्तालिप्साको हतियार बनेको छ । यो एउटा रोमाञ्चक खेलमा सीमित हुँदै गएको छ । यहाँ राजनीतिक दर्शन, आदर्श, सिद्धान्त, लोककल्याणका कुरा, जनमुद्दा सबै गौण भएका छन् । एउटा नेताले अर्कोलाई पछारेको दृश्यले एकै छिन त रोमाञ्चित भइएला तर यो प्रवृत्ति हुर्कँदा राजनीतिक संस्कार र मूल्य धराशायी हुँदै अस्थिरता र निराशा मात्रै हात लाग्नेछ । र, यो लोकतान्त्रिक प्रणालीमा विश्वास राख्ने, यसैलाई सुदृढ बनाउँदै लाने चाहना बोकेको समाजका लागि गम्भीर चिन्ताको विषय हो । राष्ट्रपति निर्वाचनको पूर्वसन्ध्यामा मञ्चन भएको तमासा चिन्ता बढाउने खालकै छ । कान्तिपुर

# खेलकुद

## मलेसियामाथि नेपालले १० विकेटको सानदार जित गर्दै

काठमाडौं । आईसीसी यू-१९ विश्वकप एसिया क्षेत्र छनोटको चौथो खेलमा नेपालले मलेसियामाथि १० विकेटको सानदार जित दर्ता गरेको छ । मलेसियाले दिएको ७३ रनको झिनो लक्ष्य नेपालले बिना क्षति पावर प्ले पनि नसकिँदै पूरा गरेको हो । ९ ओभरमा ७३ रनको लक्ष्य पूरा गर्ने क्रममा नेपालका लागि ओपनर ब्याटर दिपक बोहराले २९ बलमा ८ चौका प्रहार गर्दै ३८ रन बनाए । त्यस्तै अर्का ओपनर अर्जुन कुमालले २५ बलमा ३ चौका सहित २१ रन बनाए । मलेसियाका तर्पबाट १४ रन एक्स्ट्रा उपहार भयो । यसअघि मलेक क्रिकेट मैदान, अज्मानमा, टस जितेर ब्याटिङ गरेको मलेसिया ३५.३




ओभरमा ७२ रन बनाउँदै अलआउट भएको थियो । मलेसियाका लागि मोहम्मद अक्रम मलिकले सर्वाधिक २६ रन बनाए । ओपनर हैरिल हरिसनले १२ रन जोडे । पहिलो ओपनर कप्तान सिदार्थ कार्तिक राजरत्नम ओपनिङ ओभरको तेस्रो बलमा आकाश चन्दको हातबाट बोल्ड भए । दोस्रो विकेटको लागि हरिसन र मलिकले २८ रनको साझेदारी गरे । यहि नै मलेसियाका लागि बलियो साझेदारी बन्यो । छैटौं ब्याटर माहम्मद स्याहिर स्यामिलले १२ रन बनाए । अन्य कुनै ब्याटर दोहोरो अंक बनाउन क्रिजमा टिक्न पाएनन् । नेपालका लागि स्पिनर दिपेश कंडेलले १० ओभर बलिङ गर्दै ४ मेडन सहित ११ रन खर्चेर सर्वाधिक ४ विकेट लिए । आकाश चन्दले ४.३ ओभर बलिङ गर्दै ९ रन खर्चेर ३ विकेट लिए । मिलन बोहराले ९ ओभर बलिङ गर्दै ५ मेडन सहित ८ रन खर्चेर २ विकेट लिए । स्पिनर सुवास भण्डारीले १ विकेट लिए । नेपालका लागि यो लगातार चौथो जित हो । अब नेपालले पाँचौं र अन्तिम खेल हालसम्मकै बलियो प्रतिस्पर्धी मानिएको यूएईसँग बिहीबार खेल्नेछ ।

## च्यासल रंगशालाको प्रधानमन्त्रीले गरे उद्घाटन

काठमाडौं । दशरथ रंगशालाको विकल्पको रुपमा तयार पारिएको च्यासल रंगशालाको उद्घाटन भएको छ । मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रंगशालाको उद्घाटन गरेका हुन् । ललितपुर महानगरपालिका ९ स्थित बागमती किनारको करिब ४९ रोपनी क्षेत्रफलमा फैलिएको यो रंगशाला सन् २००५ मा एन्फा टेक्निकल सेन्टरका रुपमा स्थापना भएको थियो ।



२०७४ मा स्तरोन्नती सहित पुनर्निर्माण थालिएको थियो । अब १९ फागुनदेखि सुरु हुने ए डिभिजन लिगका खेलहरु यहाँ खेलाउने अखिल नेपाल फुटबल संघ (एन्फा) को तयारी छ ।

## राष्ट्रपति रनिङ शिल्डको उपाधि धनगढी उपमहानगरपालिकालाई

कैलाली । १३ औं कैलाली जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता धनगढीमा सम्पन्न भएको छ । जिल्ला खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगिता धनगढी रङ्गशालामा सम्पन्न भएको हो । कैलालीका १३ वटै पालिकाका झन्डै १ हजार जनाभन्दा बढी खेलाडीको सहभागिता रहेको प्रतियोगितामा धनगढी उपमहानगरपालिका पहिलो भएको छ । धनगढीले १६ स्वर्ण, ५ रजत र ५ कास्यसहित २६ पदक जितेको छ । घोडाघोडी नगर पालिका दोस्रो भएको छ । घोडाघोडीले १६ स्वर्ण, ४ रजत र ११ कास्यसहित ३१ पदक जितेको छ । प्रतियोगितामा गोदावरी नगरपालिका तेस्रो भयो । गोदावरीले ८ स्वर्ण, ८ रजत र १० कास्यसहित २६ पदक जित्यो । प्रतियोगितामा टीकापुर नगरपालिकाले ५ स्वर्ण, ७ रजत र ६ कास्यसहित १८ पदक जिल्दा लम्कीचुहा नगरपालिकाले २ स्वर्ण, ४ रजत र ७ कास्यसहित १३ पदक जितेको छ । जानकी गाउँपालिकाले १ स्वर्ण, ४ रजत र ७ कास्यसहित १२ पदक जितेको छ ।

गौरीगंगा, मोहन्याल, चुरे, कैलारी, बर्दगोरिया, भजनी र जोशीपुरले भने स्वर्ण पदक जित्न नसकेका कैलाली जिल्ला खेलकुद विकास समितिले जनाएको छ । प्रतियोगितामा भलिबल, कबड्डी, एथ्लेटिक्स, कराते, उसु र तेक्वान्दो खेल समावेश गरिएका थिए । प्रतियोगिताका उत्कृष्ट खेलाडीहरूले सुदूरपश्चिम प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भाग लिनेछन् । प्रतियोगिताका विजेता, उपविजेता र तेस्रो भएका पालिकालाई एक समारोहका बीच पुरस्कार वितरण गरिएको छ ।

## देशले.......

नागरिकहरुको अवस्था बिग्रदै जानुले नेपाल देशको समस्या पनि गहिरिदै गएको देखिन्छ ।

यसरी देश एकपछि अर्को समस्यामा फस्दै उकुस मुकुस हुदै गएको छ । यस्तो उकुस मुकुस अवस्थामा पुगेको देशलाई निकास दिन कस्ले सक्ला ! त्यसैको प्रतिक्षामा नेपाली नागरिक आशा गरिबसेको सताब्दी हुन लागिसक्यो तर निकास पाउन सकेनन् ।

यसको उत्तर कहावाट खोज्ने

## रामचन्द्र...

सदस्य ५९ र प्रदेशसभा सदस्य ५५० गरी राष्ट्रपति निर्वाचनमा ८८४ जनाले मतदान गर्न पाउनेछन् । तर यस पटकको राष्ट्रपति निर्वाचनमा तीन जना मतदाता कम हुनसक्ने निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए । 'तीन जना मतदाता कम हुन सक्छन् । त्यसबारे आयोगले बुधबार निर्णय गरेर सार्वजनिक गर्छ', प्रवक्ता पौडेलले भने ।

प्रतिनिधिसभाका २७५ मध्ये चितवन २ बाट निर्वाचित रवि लामिछाने पदमुक्त भएका र मनाङबाट निर्वाचित टेबहादुर गुरुङ निलम्बनमा परेका कारण मतदान गर्न पाउने छैनन् । अर्का एक जना मतदाताको विषयमा आयोगले निर्णय गर्न बाँकी छ । जसको नाम आयोगले खुलाएको छैन ।

तथापि, महोत्तरी(१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य लक्ष्मी चौधरी कोइरीले मतदान गर्न पाउने वा नपाउने भन्ने विषयमा आयोग निर्णयमा पुगेको छैन ।

प्रतिनिधिसभा नियमावली २०७९ राष्ट्रपतिको निर्वाचन अगाडि नै पारित भएको खण्डमा उनले मतदानमा भाग लिन पाउने छैनन् । नयाँ नियमावलीमा कैद भुक्तान गर्नुपर्ने भनी अदालतबाट फैसला भएको र फरार रहेका सांसद निलम्बनमा पर्ने व्यवस्था छ ।

राष्ट्रपति निर्वाचन तालिका अनुसार निर्वाचन आयोगले बुधबार मतदाता नामावली प्रकाशन गर्नेछ । त्यसपछि दाबी, विरोध र उजुरीका काम हुनेछन् । अन्तिम मतदाता नामावली फागुन १२ गते प्रकाशन गरि सकेको आयोगले जनाएको छ ।

राष्ट्रपतिको निर्वाचन बानेश्वर स्थित संघीय संसद भवनमा हुनेछ । आयोगले यहाँ निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिसकेको छ । न्याय परिषद्को परामर्शमा उच्च अदालत पाटनका न्यायाधीश महेश शर्मा पौड्याल निर्वाचन अधिकृत तोकिएका छन् ।

यही फागुन २५ गते राष्ट्रपतिका लागि मतदान हुँदैछ ।

## राष्ट्रपति ......

(ख) प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री,

(ग) संघ, प्रदेश र स्थानीय तहका कर्मचारी,

(घ) सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी,

(ङ) सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय तथा कर्मचारी,

(च) राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,

(छ) उम्मेदवार तथा उम्मेदवारको प्रतिनिधि,

(ज) राजनीतिक दल तथा उम्मेदवारको मतदान एवम् मतगणना प्रतिनिधि,

(झ) सार्वजनिक पद धारण गरेको व्यक्ति,

(ञ) सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी,

(ट) मतदाता

निर्वाचतन कार्यलयले जारी गरेको नोटमा निम्न कुराहरु उल्लेख छन् । ( नेपालको संविधानको पालना र संरक्षण तथा राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने राष्ट्राध्यक्ष जस्तो सर्वोच्च र गरिमामय पदको निर्वाचनमा निर्वाचन सम्बन्धी कानून र आचारसंहिता पालनाको विषयमा प्रश्न उठ्नु कुनै पनि दृष्टिकोणबाट शोभनीय हुन सक्दैन । त्यसैले निर्वाचन आचारसंहिताको पालना गरी निर्वाचनको स्वच्छता र विश्वसनीयता कायम गर्नु सम्वद्ध सबै पक्षको दायित्व र जिम्मेवारी हो । )

कानूनी आधार र प्रावधान सहितको नैतिक बन्धनको रूपमा रहेको आचारसंहिताको पालना गरी संघीय संसद र प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डलका सबै मतदाताहरूको स्वतन्त्रतापूर्वक मतदान गर्न पाउने अधिकारको सम्मान गर्न तथा निर्वाचनको निष्पक्षतामा कहीँ कतैबाट प्रश्न उठाउन नपाउने गरी निर्वाचन सम्पन्न गर्ने आयोगको सत्प्रयासमा सबै क्षेत्रबाट सहयोग हुन आयोग हार्दिक अपिल गर्दछ ।

## बुटवल.....

गरी आठ सय ७२ वटा कुर्सी जडान गरिएको छ । यस्तै ५० र ४२ सिट क्षमताका दुई वटा लेक्चर हल तथा ८० र तीन सय जना क्षमताका सेमिनार हल रहेका छन् । साथै ७२ देखि एक सय २६ जना क्षमताका छ वटा बैठक कक्ष, तथा तीन सय ५० र पाँच सय ८६ जना क्षमताका थप दुई वटा हल छन् । सबै हलमा एक पटकमा २९ सय जना अटाउन सक्ने क्षमता छ ।

अपाङ्गतामैत्री सम्मेलन केन्द्रमा चार सयवटा चारपाङ्ग्रे र चार सय मोटरसाइकल पार्किङ गर्न मिल्ने गरी पार्किङस्थल र हेलिप्याडसमेत बनाइएको छ । सम्मेलन केन्द्रमा बाल उद्यान, चमेनागृह, सर्भिस भवन, कर्मचारी आवास, वाटर फाउन्टेन, पानी पोखरी, प्रवेश हुने र बाहिरिने गरी पाँच वटा अलग अलग गेट निर्माण गरिएका छन् । जसमध्ये एउटा भिआइपी गेट छ । प्रत्येक गेटमा सुरक्षागार्ड घर र टिकट काउण्टर समेत बनाइएको छ ।

विद्युत्का लागि छ सय ३० केभिए क्षमताको ट्रान्सफर्मर र खानेपानीका लागि बोरिङ पनि छुट्टै बनाइएको छ । सम्मेलन केन्द्र आकर्षक बनाउन केही भागमा दुबो लगाइएको छ भने सभाहल अगाडि पोखरी निर्माण गरिएको छ । जमिनमुनिको पानी रिचार्ज गर्न आठ वटा 'रिचार्ज पिट' पनि बनाइएको छ ।

सम्मेलन केन्द्र सञ्चालनका विषयमा निजी क्षेत्रले जसरी चासो र चिन्ता लिनुपर्ने त्यति हुन नसकेको र सरकारी तवरबाट पनि सञ्चालनको कार्यविधि यति लामो समयसम्म बन्न नसक्नु कमजोरी भएको नेपाल चेम्बर अफ कमर्सका लुम्बिनी प्रदेश अध्यक्ष टङ्क पोखरेल बताउनुहुन्छ ।सम्मेलन केन्द्रको उद्घाटनसँगै कार्यविधि बनाउनुपर्नेमा छ महिनासम्म पनि कार्यविधिको कारण देखाएर राज्यका निकायले सञ्चालनमा बेवास्ता देखाउँदा राज्यकै लगानी डुब्ने अवस्था देखिएको उहाँ बताउनु हुन्छ ।उहाँले सम्मेलन केन्द्र सञ्चालनमा अव सङ्घ, प्रदेश र स्थानीय सरकारले महत्वपूर्ण कार्यक्रम गर्दा यसलाई प्राथमिकतामा राखेर बनाउनुपर्ने र निजी क्षेत्रले पनि आफ्ना गतिविधि यही केन्द्रित गर्नुपर्ने सुझाव दिनुहुन्छ ।

यता नेकपा (एमाले)का तर्फबाट यही फागुन २५ गते हुने राष्ट्रपति पदको निर्वाचनका लागि उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले उम्मेदवारी दिनुभएको छ । उहाँको उम्मेदवारी दर्ता गर्न एमाले अध्यक्ष केपी शर्मा ओली लगायत नेताहरू नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवन पुग्नुभएको थियो । उहाँको प्रस्तावकमा अध्यक्ष ओली नेताहरू पृथ्वीसुब्बा गुरुङ, गोर्कणराज विष्ट, रघुवीर महासेठ र छविलाल विश्वकर्मा हुनुहुन्छ । यसैगरी उहाँको समर्थकमा पार्टीका नेताहरू योगेशकुमार भट्टराई, टोपबहादुर रायमाझी, जुलीकुमारी महतो, दिलकुमारी रावल थापा र अमनकुमार मास्के रहनु भएको छ । इलाम नगर पालिका ७ सुन्तला बारीमा विसं २००९ फागुन २८ गते जन्मनुभएका नेम्वाङले अनेरास्ववियुबाट राजनीतिमा प्रवेश गर्नुभएको थियो । विसं २०२८ बाट राजनीतिमा निरन्तर क्रियाशील नेम्वाङ एमालेको केन्द्रीय न्यायिक समिति सदस्य हुँदै हाल उपाध्यक्ष हुनुहुन्छ । विसं २०४८ देखि २०५२ सम्म राष्ट्रियसभा सदस्य बन्नुभएका उहाँ त्यसलगत्तै पुनः राष्ट्रियसभा सदस्य हुनुभएको थियो । प्रतिनिधिसभा निर्वाचन २०५६ मा इलाम २ बाट निर्वाचित उहाँ संविधानसभा निर्वाचन २०६४ र २०७० मा इलाम २ बाट निर्वाचित हुनुभएको थियो । प्रतिनिधिसभा निर्वाचन २०७४ र २०७९ मा इलाम २ बाट लगातार निर्वाचित हुनुभएका नेम्वाङ एमाले संसदीय दलको उपनेता र २०५६ सालमा सार्वजनिक लेखा समिति सभापति हुनुभएको थियो । उहाँ विसं २०६३ मा पुनःस्थापित प्रतिनिसिधा सभाको सभामुख, २०६४ सालमा व्यवस्थापिका संसद्को सभामुख, २०६५ र २०७० सालमा संविधान सभा अध्यक्ष/सभामुख र २०७२ सालमा रुपान्तरित व्यवस्थापिकाको सभामुख हुनुभएको थियो । विसं २०५१ मा न्याय कानुन तथा संसदीय राज्यमन्त्री हुँदै मन्त्री हुनुभएका उहाँ सामान्य प्रशासनमन्त्री र स्थानीय विकास मन्त्री हुनुभयो । राजनीतिमा प्रवेश गर्नु अघि नेपाल ल क्याम्पसमा प्राध्यापन र कानुन व्यवसाय (वरिष्ठ अधिवक्ता) रहनुभएका उहाँले पञ्चायती निरङ्कुशताविरुद्धको राजनीतिक आन्दोलनका क्रममा पटकपटक सार्वजनिक सुरक्षा अन्तर्गत नजरबन्द पर्नुभएको थियो ।

यता नेपाली कांग्रेसका तर्फबाट वरिष्ठ नेता रामचन्द्र पौडेलले उम्मेदवारी दिनुभएको छ । उहाँको उम्मेदवारी दर्ता गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लगायत विभिन्न पार्टीका शीर्ष नेताहरू नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवन पुग्नुभएको थियो । उहाँको प्रस्तावकमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, नेकपा ( माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, जनता समाजवादी पार्टीका नेता अशोककुमार राई र जनमत पार्टीका नेता अब्दुल खान हुनुहुन्छ । यस्तै पौडेलको समर्थकमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्त ठाकुर, कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे हुनुहुन्छ । वरिष्ठ नेता पौडेल गत मङ्सिर ४ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँ(१ बाट फराकिलो मतान्तरले विजयी भएर छैटौं पटक संसद्मा प्रवेश गर्नुभएको थियो । उहाँ यसअघि विसं २०४८ मा साविकको तनहुँ १ र त्यसपछि तनहुँ २ बाट विसं २०५१, २०५६, २०६४ र २०७० बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएको थियो । यसबीचमा उहाँ उपप्रधान तथा गृह, स्थानीय विकास, कृषि, सञ्चारमन्त्री भइसक्नुभएको छ । उहाँले सभामुखको जिम्मेवारी निभाउनु भएको थियो । विसं २००१ असोजमा तनहुँको रिस्ती गाविसस्थित बाहुनपोखरामा जन्मिनुभएका पौडेल १६ वर्षको उमेरदेखि नै राजनीतिमा लाग्नुभएको थियो । कांग्रेसद्वारा सञ्चालित २०१८ को क्रान्तिमा पौडेलले सहभागिता जनाउनु भएको थियो । विसं २०२७ मा नेपाल विद्यार्थी सङ्घको संस्थापक सदस्य रहनुभएका पौडेल २०३४ सालमा पहिलो पटक कांग्रेस केन्द्रीय सदस्य र त्यसपछि पार्टीका उपसभापति तथा कार्यवाहक सभापति हुनुभएको थियो । उहाँ विभिन्न पुरस्कारसहित जापान सरकारले प्रदान गरेको राजकीय सम्मान 'अर्डर अफ द राइजिङ सन' (२०२० सन्) बाट सम्मान हुनुभएको थियो । उहाँका प्रजातान्त्रिक समाजवाद, आस्थाको यात्रा, कृषि क्रान्ति र समाजवाद, राजनीतिको मार्ग, नेपाली कांग्रेस रूपान्तरणको मार्गलगायत दर्जन पुस्तक र विभिन्न विषयमा समसामयिक लेख प्रकाशित छन् । राष्ट्रपति पदको निर्वाचन यही फागुन २५ गते हुँदैछ । फागुन २५ गते १० देखि ३ बजेसम्म मतदानको समय तोकिएको छ । मतदान सम्पन्न भए लगत्तै मतगणना प्रारम्भ हुने र साँझ ७ बजेभित्रै मतपरिणाम सार्वजनिक गर्ने गरी तयारी गरिएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचन अधिकृतको कार्यालय रहेको परिसरभित्रै मतदान केन्द्र रहनेछ । नेपालको संविधानमा एक राष्ट्रपति रहने र राष्ट्रपतिले राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने उल्लेख छ । संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ । मुलुकमा २०६२/६३ को आन्दोलनको उपलब्धिका रुपमा गणतन्त्र स्थापना भएसँगै राष्ट्रपतीय प्रणालीको अभ्यास हुँदै आएको छ । नेपालको संविधानको धारा ६२ मा राष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था गरिएको छ । राष्ट्रपतिको निर्वाचन सङ्घीय संसद् ( प्रतिनिधिसभा र राष्ट्रियसभा) र प्रदेशसभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । राष्ट्रपति निर्वाचनमा मतदाताको सङ्ख्या सङ्घीय संसद्को तीन सय ३१ र सातै प्रदेशका प्रदेशसभा सदस्य पाँच सय ५० गरी कूल आठ सय ८१ कायम छ । राष्ट्रपति निर्वाचनका लागि सङ्घीय संसद् सदस्य र प्रदेशसभा सदस्यका लागि छुट्टाछुट्टै मतदान केन्द्र हुनेछ । सङ्घीय संसद् र प्रदेशसभा सदस्यको मतभार फरक हुने भएकाले सो व्यवस्था गरिएको हो । धारा ६२ (१) मा सङ्घीय संसद्का सदस्य र प्रदेशसभा सदस्यको मतभार सङ्घीय कानुन बमोजिम फरकफरक हुने उल्लेख छ । सङ्घीय सांसदको मतभार ७९ र प्रदेशसभा सदस्यको मतभार ४८ छ । कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार) लाई सङ्घीय संसद्का सदस्यको कूल सङ्ख्याले भाग गरेर आएको भागफललाई फेरि एक हजारले भाग गरेर सङ्घीय संसद्का सदस्यको मतभार निकालिन्छ ।

कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणनाअनुसार) लाई प्रदेशसभा सदस्यको कूल सङ्ख्याले भाग गरेर आएको भागफललाई फेरि एक हजारले भाग गरेर प्रदेशसभाका सदस्यको मतभार निकालिन्छ । राष्ट्रपतिको उम्मेदवार बन्न पाँच/पाँच जना प्रस्तावक र समर्थक हुनुपर्ने कानुनी व्यवस्था छ । निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपतिमा निर्वाचित हुनेछ । त्यसरी बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारबीच मतदान हुनेछ । त्यस्तो मतदानमा कूल मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने व्यक्ति राष्ट्रपतिमा निर्वाचित हुनेछन् । बढी मत प्राप्त गर्ने दुई उम्मेदवारबीचको मतदानबाट समेत कुनै उम्मेदवारले कूल मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनःमतदान हुनेछ ।

# युवा सांस्कृतिक परिवारलाई आर्थिक सहयोग

गण्डकी । पोखरेली युवा सांस्कृतिक परिवारद्वारा स्थापित 'अम्बर गुरुङ राष्ट्रिय सङ्गीत पुरस्कार' पुरस्कारका लागि अक्षयकोष वृद्धिका गर्न नमस्ते ब्याण्डले रु ७७ हजार सात सय ७७ सहयोग गरेको छ । पाँच दशकसम्म गीतसङ्गीतमा निरन्तर साधनारत रही साङ्गीतिक माध्यमद्वारा नेपाली कला र संस्कृतिको उत्थानमा सशक्त योगदान गरेकागुरुङको सम्मानार्थ पोखरेली युवा सांस्कृतिक परिवारले उक्त अक्षयकोष स्थापना गरेको हो । ब्याण्डको ३४ औं वार्षिक उत्सवका अवसरमा ब्याण्डका अध्यक्ष ईश्वर गुरुङले उक्त रकम पोखरेली युवा सांस्कृतिक परिवारका संस्थापक सदस्य सङ्गीतकार, गीतकार तथा गायक विक्रम गुरुङलाई हस्तान्तरण गर्नुभयो । जापानमा सन् १९८९ माजापानी र नेपाली सदस्य मिलेर नमस्ते ब्याण्डको स्थापना भएको थियो । देश विदेशमा रहेर नेपाली गीत, सङ्गीत, गायन र वाद्यवादनमा योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रत्येक दुई वर्षमा प्रदान गर्नका लागि उक्त पुरस्कार स्थापना भई सञ्चालनमा आएको छ ।

# अन्तराष्ट्रिय समाचार

## रुसी सेनाको आक्रमणका कारण बख्मुत सहरको अवस्था कष्टकर बन्यो

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसी आक्रमणका कारण बख्मुत सहरको अवस्था कष्टकर बन्दै गइरहेको बताउनुभएको छ ।

उहाँले बख्मुत सहरमा अहिले धेरैजसो संरचना ध्वस्त भइसकेका र अवस्था कष्टकर रहेको बताउनुभएको बीबीसीले जनाएको छ । रुसले छ महिनाभन्दा लामो समयदेखि बख्मुत सहर कब्जा गर्ने प्रयास गरिरहेको छ ।

बख्मुत सहरको केही भूभाग रुस र उसका पृथकतावादी सहयोगीहरूको नियन्त्रणमा छ । यसैबीच अमेरिकी अर्थ मन्त्री जेनेट यलनले रुसलाई हतियार उपलब्ध नगराउन चीनलाई चेतावनी दिनुभएको छ । आकस्मिक भ्रमणका क्रममा किभ पुगेकी जेनेट यलनले चीनले रुसलाई हतियार आपूर्ति गरे गम्भीर नतिजा निम्त्याउने बताउनुभयो । गएको हप्ता अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिङ्कनले चीनले रुसलाई हतियार र गोलाबारुद आपूर्ति गर्ने विषयमा विचार गरिरहेको बताउनुभएको थियो ।

तर चीनले त्यो दाबीको खण्डन गरेको छ । किभ पुग्नुभएकी अमेरिकी अर्थ मन्त्री यलनले युक्रेनलाई एक अर्ब २५ करोड डलरको आर्थिक तथा बजेट सहायता घोषणा गर्नुभयो ।

## जापानले क्षेप्यास्त्र खरिद गर्ने

जापानले अमेरिकासँग चार सय वटा टोमाहक क्षेप्यास्त्र खरिद गर्ने भएको छ । प्रधानमन्त्री फुमियो किशिदाले अमेरिकाबाट चार सय वटा टोमाहक क्षेप्यास्त्र खरिद गर्ने तयारी भइरहेको जानकारी दिनुभएको छ । महिनाको सुरुमा जापानी रक्षामन्त्रीले आउँदो आर्थिक वर्षमा क्षेप्यास्त्र खरिदका लागि १ दशमलव ५ अर्ब अमेरिकी डलर बराबरको रकम छुट्याएको जानकारी दिनुभएको थियो ।

चीनको बढ्दो सैन्य प्रभाव र आणविक शक्ति सम्पन्न उत्तर कोरियाको क्षेप्यास्त्र परीक्षणको सामना गर्न किशिदा प्रशासनले जापानको प्रतिरक्षा क्षमता विस्तार गर्न चाहेको विश्लेषण हुँदै आएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ । रूसले युक्रेनमाथि गरेको आक्रमण र चीनले ताइवानमाथि कब्जा जमाउन सक्ने आशङ्काकाबीच जापान सरकारको पछिल्लो निर्णय सार्वजनिक भएको हो ।

## सम्पर्कविहीन चिनियाँ अर्बपति फयान सरकारी अधिकारीहरूसँग रहेको खुलासा

दुई हप्ता अघिदेखि सम्पर्कविहीन रहेका चिनियाँ अर्बपति बाओ फ्यान सरकारी अधिकारीहरूसँग रहेको खुलेको छ । फ्यानले चिनियाँ अधिकारीहरूलाई एक अनुसन्धान गर्न सहयोग गरिरहेको उहाँको बैंकले जनाएको छ । चाइना रेनेसान्स होल्डिङ्स बैंकका सीईओ बाओ फ्यान सम्पर्कमा नरहेको भन्दै ११ दिनअघि बैंकले विज्ञप्ति निकालेको थियो ।

अर्बपति बाओले जनवादी गणतन्त्र चीनका केही अधिकारीहरूले गरिरहेको अनुसन्धानमा सहयोग गरिरहेको उहाँको बैंकले जनाएको बीबीसीले जनाएको छ । चाइना रेनेसान्स होल्डिङ्सको सीईओ एव संस्थापकसँगै अरबपति बाओ चीनका एक अग्रणी डिल ब्रोकर हुनुहुन्छ । जसका ग्राहकहरूमा शीर्ष टेक्नोलोजी कम्पनीहरू रहेका छन् । बाओ बेपत्ता भएपछि फर्मको शेयर घटेकामा आज भने बढेको बीबीसीले जनाएको छ ।

## नयाँ दिल्लीका उपमुख्यमन्त्री मनिष सिसोदिया पक्राउ

भारत नयाँदिल्लीका उपमुख्यमन्त्री मनिष सिसोदिया पक्राउ परेका छन् । केन्द्रीय अन्वेषण ब्युरो सीबीआईले सिसोदियालाई हिजो बेलुका पक्राउ गरेको हो । सीबीआईले दिल्लीको मदिरा नीति सम्बन्धमा भएको भनिएको भ्रष्टाचारबारे अनुसान्धान गरिरहेको थियो ।

अनुसन्धानका क्रममा सिसोदियालाई सीबीआईले कार्यालयमा बोलाएको थियो । सिसोदियाले अनुसन्धानमा नसघाएको आरोप लागेको बीबीसी हिन्दीले जनाएको छ ।

सिसोदिया आम आदमी पार्टी (आप) का नेता हुन् । उनको गिरफ्तारीलाई आम आदमी पार्टीले तानाशाही भनेको छ । आपले भारतीय जनता पार्टी भाजपाले राजनीतिक प्रतिशोध साधेको आरोप लगाएको छ । उपमुख्यमन्त्री मनिष सिसोदिया पक्राउ परे पछि नयाँ दिल्लीको सुरक्षा व्यवस्था कडा पारिएको छ । सीबीआईको मुख्यालयभन्दा बाहिर र्यापिड एक्सन फोर्स तैनाथ गरिएको बीबीसी हिन्दीले जनाएको छ ।

## इटलीमा डुङ्गा दुर्घटना, ५९ जनाको मृत्यु

इटलीको दक्षिणी क्यालाब्रिया क्षेत्रमा डुङ्गा दुर्घटना हुँदा एक शिशु र बालबालिकासहित ५९ जनाको ज्यान गएको छ ।

समुद्री आँधीका कारण डुङ्गा दुर्घटना भएको र दुर्घटनामा ५९ जना आप्रवासीको ज्यान गएको हो । दुर्घटनामा ३० जना हराइरहेका त्यहाँको आन्तरिक मन्त्रीलाई उद्धृत गर्दै बीबीसीले जनाएको छ । ८० जनाको उद्धार गरिएको तटरक्षक बलले बताएका छन् ।

उद्धार गरिएका केहीको अवस्था गम्भीर छ । उद्धार गरिएका यात्रुले डुङ्गामा १ सय ५० जना रहेको बताए पनि डुङ्गामा झण्डै २ सय जना रहेका अनुमान गरिएको छ। टर्कीबाट आएका आप्रवासी चढेको डुङ्गा दुर्घटनामा परेको हो ।

इटलीका राष्ट्रपति सर्जियो मेटरेलाका अनुसार डुङ्गामा अफगानिस्तान, पाकिस्तान, सोमालिया र इरानका नागरिक थिए ।

## रूसले पाइपलाइनमार्फत् तेल आपूर्ति रोक्यो : पोल्यान्ड

पोल्यान्डले रूसले पाइपलाइनमार्फत् तेल आपूर्ति रोकेको जनाएको छ । पोल्यान्डको ऊर्जा समूह 'पीकेएन अर्लेन' ले सम्झौताअनुसार ओर्लेनको आवश्यकताको १० प्रतिशत हिस्सा ओगटेको डुज्बा पाइपलाइनमार्फत् रुसले तेल पठाउन बन्द गरेको जनाएको हो ।

पोल्यान्डले भने रुसको यो कदमले आफ्ना उपभोक्तालाई तेल आपूर्तिमा कुनै असर नपार्ने जनाएको समाचार संस्था एएफपीमा उल्लेख छ । ऊर्जा समूह पीकेएन अर्लेनले अब सबै पेट्रोलियम पदार्थको आपूर्ति समुद्री मार्गबाट हुने जानकारी पनि दिएको छ ।

अहिलेसम्म अर्लेनले आफ्नो इन्धन आवश्यकताको झण्डै १० प्रतिशत रूसी पाइपलाइनमार्फत र बाँकी सामुद्रिक मार्गबाट अन्य देशबाट आयात गर्दै आएको थियो ।

# स्रष्टा र सिर्जना "न्यौपानेको अमर सुक्तिसुधा"



तेज प्रकाश बानियाँ

साहित्यकार मुकुन्द न्यौपानेको जन्म वि सं २००३ कार्तिक महिनाको २३ गते काठमाडौंको लाजिम्पाटमा भएको हो । माता मनमाया न्यौपाने र पिता शिवप्रसाद न्यौपानेका एकमात्र सुपुत्रको रूपमा जन्मनु भएका मुकुन्दको बाल्यकाल माता पिताकासाथ बित्यो । उहाँले कखरा घरैबाट शुरू गर्नुभयो । उहाँलाई साहित्य लेखनमा बाल्यकाल देखिनै रुचि थियो । त्यस बखत अहिलेको जस्तो चाहिँदो विद्यालय हुँदैनथे । नन्दी रात्री पाठशाला नक्सालबाट एसएलसी उत्तीर्ण गर्नुभयो । त्यसैताक 'विलाप' शीर्षकको कविता लेखेर नयाँ सन्देस साप्ताहिकमा प्रकाशित भएको थियो ।

सादाजीवन उच्च विचारका धनी, न्यौपानेले एसएलसी पछि आय आर्जनकालागि गरिने उपायहरू मध्य, जागिर रोज्नु भयो तर निबृत्ति भरण कहीबाट पनि हुँन सकेन । एउटा खाटी कुरा के छ भने, जगिरमा व्यस्तताका वाबजुद पनि साहित्य लेख्ने कामलाई निरन्तरता दिइनै रहनुभयो । साहित्य लेखनका लागि उमेरले छेक्दो रहेन छ भन्ने कुरा पनि प्रमाणित गरेर देखाई दिनुभयो । कतैबाट साहित्यिक कार्यक्रमको निमन्त्रणा आयो भने, आफ्नो सिर्जनासाथ उक्त कार्यक्रममा सहभागी हुन पुग्नु हुन्छ ।

उहाँको उमेरले ७६ वसन्त पार गरी सक्दा पनि जोस, जाँगर र हौसलामा कुनै कमी आएको छैन । समयलाई असाध्य महत्व दिने न्यौपानेले साहित्य लेखन र घर व्यवहारको अलावा समाज सेवामा पनि योगदान पुऱ्याउनु भएको छ । सङ्घ संस्थाहरूमा आजीवन सदस्य, कोषाध्यक्ष, विशिष्ट सदस्य, साधारण सदस्य आदि गरी १३ गोटा सामाजिक सस्थाहरूमा संलग्न हुनुहुन्छ ।


यसैगरी कृतिहरू प्रकाशन तर्फ २०६८ सालदेखि हालसम्म निम्न बमोजिम शीर्षकका १० थान पुस्तकहरू प्रकाशित गरीसक्नु भएकोछ ।

१,भाव (कविता सङ्गह-२०६८),
२,चेतना (आध्यात्मिक सङ्गह-२०६९),
३,खण्डितस्वप्न (कविता सङ्गह-२०७०)
४,ईश्वर छैन (कविता सङ्गह-२०७४)
५,मनको आखाँ (हाइकु सङ्गह२०७५)।
६,यो कास्तो प्रेम-लघुकथा २०७६)।
७,सेवानै धर्म हो - कविता सङ्गह २०७६)।
८,केहीकथा केही लघुकथा- सङ्गह २०७७
९,सगुन (हाइकु सङ्गह (२०७८)
१०,अमर सुक्तिसुधा (सुक्तिसङ्गह)२०७९ ।

अमर सुक्ति सुधाका अन्तर्वस्तुको बारेमा भन्नुपर्दा लेखकले धेरै विद्वानका पुस्तकहरू अध्ययनगरी त्यस्ता सयजना भन्दा बढी लेखकहरूका भनाईहरू समाविष्ट छन् । सुक्तिहरू, एक से एक स्तरीय छन् । यस मार्फत लेखकले समाजलाई बौद्धिक खूराक दिन खोज्नु भएको छ । विकाश र प्रगतिको लागि घचघच्याइ रहनुभएको छ । सरकारका खराव कामप्रति खवरदारी र राम्रा काम प्रति प्रशंसा र धन्यवाद भन्नु भएको छ । देशको कानून र फितलो कार्यान्वयन, वर्तमान राजनीति र खिचातानी, होडबाजी को मौकामा, बिदेशिको बढदो चलखेल देखेर वाक्क हुनुहुन्छ । ७६ वसन्त पार गरेको जीवनले नेपालले आफैले गरेको प्रगति बाहेक, देशको अरू निस्वार्थ भावको प्रगति कुनै क्षेत्रमा पनि देखिएको छैन । यतिहुदा पनि नेताहुरूमा चेतना आएको छैन । दलगत स्वार्थभन्दा माथी उठेर देशको हितमा काम गर्ने तर्फ कोही देखिदैन ।

अन्त्यमा.

यस्ता मेहनती, देशभक्त र लगनसील साहित्यकारले बडो मेहनतका साथ तयार पार्नुभएको ज्ञान बर्द्धक र समाजपयोगी पुस्तक भएकोले सबै उमेरका पाठकका लागि पठन योग्य छ । भविश्यमा पनि यस्ता बौद्धिक खूराकका रूपमा उपयोगी पुस्तक पाठकले अध्ययन गर्न पाइरहुनर लेखक मुकुन्द न्यौपानेलाई पनि यस्ता पुस्तक लेख्न जाँगर चलिरहोस् भन्ने कामनाका साथ आजलाई यत्ति ।




**आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकारप्रति सजग र सचेत हुनु असल नागरिकको कर्तव्य हो ।**

## सुसेलिहरु




### उर्मिला पन्तका

१.
के को सूचना
नारी दिवस भन्दै
के को रटना
२.
नारी नै आमा
घर परिवारको
गर्छिन धामा
३.
नारी धरती
मानव सृष्टिकर्ता
माता जननी
४.
नारी दिवस
सम्मान नारी जन
मातृ दिवस
५.
रातै रगत
नारी र पुरुषको
छैन लगत

उर्मिला पन्त पाण्डेय
ज्ञानेश्वर , काठमाण्डौं

# साहित्यकार प्रा . रन्जुश्री पराजुली सम्मानित

काठमाडौ । लीलाध्वज थापा साहित्य प्रतिष्ठानको मासिक रचना वाचन तथा स्रष्टा सम्मान कार्यक्रम मिति २०७९/११/१३ शनिवारका दिन साहित्यकार प्रा . रन्जुश्री पराजुलीलाई लीलाध्वज स्रष्टा सम्मानले सम्मानितरु गर्दै भव्यताकासाथ सम्पन्न भएको छ । उक्त सम्मान प्रतिष्ठानका अध्यक्ष साहित्यकार विजयध्वज थापाले प्रदान गर्नुभएको थियो । सम्मानित हुनुभएका स्रष्टा पराजुलीले लीलाध्वज थापाजस्तो प्रतिष्ठित साहित्यकारको नाउँबाट सम्मान पाउँदा आफू ज्यादै गौरवान्वित भएको कुरा व्यक्त गर्दै उपन्यास, नाटक, हांस्यव्यङ्ग्य,कविता आदि लेखेर साहित्यमा उहाँले प्रदान गर्नु भएको सेवाको उल्लेख गर्नु भयो । उहाँको उपन्यास संख्यात्मकभन्दा गुणात्मक भएको र मन उपन्यासले २०१४ सालमा नै मदन पुरस्कार पाउनाको साथै ज्यादै चर्चित भएको उल्लेख गर्दै त्यस्ता स्थापित स्रष्टाको नामको प्रतिष्ठानबाट सम्मानित हुँदा अत्यन्त खुशी लागेको छ भन्नुभयो ।

उहाँलाई पढेको मात्र नभइ नजिकबाट देखेको, बोलेको र आफूले पढाउने



पद्म कन्या कलेजको कार्यक्रममा प्रश्नहरू गरेको चर्चा गर्दै प्रतिष्ठानले हरेक महिना यस्तै राम्रो कार्यक्रम गर्ने गरेको सुन्दा अत्यन्त खुशी लागेको कुरा व्यक्त गर्दै यसको निरन्तरताको कामना गर्नुभयो । उहाँको सुपुत्र विजयजीले पनि आफ्नो पिताको प्रेरणाले कविता,नियात्रा , मुक्तक, गीत लेखेर नेपाली साहित्यको श्री वृद्धि गरेको चर्चा गर्दै सम्मान पुरस्कार भनेको ठूलो सानो हुँदैन ,श्रद्धाले गरेको सबै सम्मान ठूलो हुन्छ भन्नु हुँदै पिताजीको नाममा प्रतिष्ठान स्थापना गरेर रचना वाचन तथा सम्मान कार्यक्रम गर्दै आएकोमा प्रशंसा गर्नु भयो ।

सो कार्यक्रममा अग्रज साहित्यकार रामप्रसाद पन्तले कार्यक्रमका अतिथिहरूलाई स्वागत गर्दै सम्मानित हुनुभएका साहित्यकार प्रा . पराजुलीको विषयमा प्रकाश पार्नुभएको थियो । उक्त कार्यक्रममा अध्यक्ष थापाले सम्मानित स्रष्टाले लामो समयदेखि नेपाली भाषा र साहित्यमा उल्लेखनीय सेवा गर्दै आउनुभएको छ भन्नुभयो । सो कार्यक्रममा कवि ज्ञान उदास,प्रा डा गोविन्दमान सिं कार्की, रत्न विरही घिमिरे मुकुन्द न्यौपाने, विजयध्वज थापा, उत्तम विचार , लव खडका, जयराम विडारी, रूची सत्याल, रन्जुश्री पराजुली, भोलानाथ सुवेदी, कात्यायन , कुशुम शर्मा , सुशान्त के सी, भुवन सिवाकोटी चौघरे,बिन्दु अधिकारी ढकाल, कुमार नेपाल, कृष्ण प्रसाद पौडेल, धरणीधर गुरागाईं, खुस्बु रिजाल, बद्री उप्रेती, नम्रता उप्रेतीले, आआफ्ना रचना वाचन गर्नुभएको थियो । सो कार्यक्रम स्रष्टा उत्तम विचारले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । अन्त्यमा अध्यक्ष थापाले अग्रज स्रष्टाको सम्मान गर्ने अवसर पाउँदा आफू र संस्थासमेत सम्मानित भएको धारणा व्यक्त गर्दै हालसम्म चौहत्तर अग्रज तथा विशिष्ट स्रष्टालाई स्रष्टा सम्मानले सम्मानित गर्न पाउँदाको खुशी व्यक्त गर्नुकासाथै उपस्थित सम्पूर्ण स्रष्टा प्रति हार्दिक आभार व्यक्त गर्नुभयो । उक्त कार्यक्रम चिल्ड्रेन मोडल स्कुल बालुवाटारमा भएको थियो । कार्यक्रमको शुरुमा राष्ट्रिय गान बजाएर कार्यक्रम शुरु गरिएको थियो । उक्त प्रतिष्ठान यसस्वी कवि तथा उपन्यासकार लीलाध्वज थापाको नाममा पारिवारिक स्रोतबाट स्थापना भएको संस्था हो ।

# सिट्रोन सि ३ र टाटा टियागो इभीबिच रोचक

फ्रेन्च अटो निर्माता सिट्रोनले इलेक्ट्रिक सीइ लाई भारतीय बजारमा लन्च गरेको छ । टाटा टियागो इभीसंग






रोचक प्रतिस्पर्धा गर्ने अनुमान गरिएको यो नयाँ इलेक्ट्रिक ह्याचव्याकको मूल्य ११ लाख ५० हजार र १२ लाख १३ हजार भारतीय रुपैयाँ निर्धारण गरिएको छ । टाटाले टियागो लङ रेन्जको मूल्य १० लाख १९ हजारदेखी १२ लाख भारतीय रुपैयाँसम्म तोकेको छ ।

लगभग समान मूल्य निर्धारण भएपनि सिट्रोन सीइ टियागोभन्दा लामो, अग्लो र चौडा रहेको छ । टियागोको तुलनामा सिइ २१२ एमएम लामो, ५६ एमएम चौडा र ६८ एमएम अग्लो छ । ह्विलबेश समेत सीइ को १४० एमएमले बढी छ । टियागो मिडियम र लङ गरी २ रेन्जमा उपलब्ध छ भने सीइ एउटै पावरट्रेनमा उपलब्ध छ ।

मूल्यका हिसावले सीइ को सिधा प्रतिस्पर्धा टियागो लङ रेन्जसंग हुने देखिएको हो । सीइ लाइभ र फिल गरी कुल २ भेरिएन्टमा उपलब्ध छ भने टियागो लङ रेन्ज एक्सजेड एक्सटी एलआर, एक्सजेड प्लस, एक्सजेड प्लस लक्जरी(७.२ किलोवाट चार्जर), एक्सजेड प्लस टेक लक्जरी र एक्सजेड प्लस टेक लक्जरी(७.२ किलोवाट चार्जर गरी कुल ५ भेरिएन्टमा उपलब्ध छ ।

टाटाले टियागो इभीमा १४ इन्चको स्टिल ह्विल दिएको छ भने सिट्रोन सीइ मा १५ इन्चको अलोई ह्विल पाउन सकिन्छ । टियागो सीइ भन्दा १६१ किलोग्राम हलुका रहेको छ ।

टियागो लङ रेन्जमा २४ किलोवाट आवरको ब्याट्री जडान गरिएको छ भने इलेक्ट्रिक सीइ मा २९.२ किलोवाट आवरको ब्याट्री पाउन सकिन्छ । यसैगरी टियागोको मोटर क्षमता ५५ किलोवाट रहेको छ भने सीइ मा ४२ किलोवाट आवरको मोटर दिइएको छ । ब्याट्रीको आकार ठूलो भएको कारण सीइ ले दिने रेन्ज केही बढी छ ।

टियागोको रेन्ज ३१५ किलोमिटरर दावी गरिएको छ भने सीइ ले प्रदान गर्ने रेन्ज ३२० किलोमिटर रहने दावी छ । टियागोको पावर ६१ एचपी रहँदा सीइ को ५७ एचपी छ भने टर्क सीइ को बढी छ । सीइ ले १४३ एनएम टर्क जेनेरेट गर्दा टियागोले जम्मा ११४ एनएममात्र टर्क जेनेरेट गर्ने देखिन्छ ।

यी दुवै कारलाई डिसी फास्ट चार्जरको साहयतामा ५७ मिनेटभित्र १० देखी ८० प्रतिशतसम्म चार्ज गर्न सकिन्छ । सीइ लाई १५ एम्पिएरको वाल चार्जरले १० घण्टा ३० मिनेटमा फुल चार्ज गर्न सकिन्छ भने टियोगोलाई सोही एम्पिएरको चार्जरले जम्मा ८ घण्टा ४० मिनेटमै फुल चार्ज गर्न सकिन्छ ।

सीट्रोन सीइ र टियागो इभी नेपाली बजारमा आउने तयारीमा रहेका इलेक्ट्रिक कार हुन् । सिट्रोनलाई साग्रिला मोटर्सले बिक्री गर्दै आएको छ भने टाटालाई सिप्रदि ट्रेडिङले । यी कार नेपाल आउँदा मूल्य ३० लाखभन्दा कम हुने आँकलन गरिएको छ ।

# नयाँ ग्रान्ड आई १० निओस सार्वजनिक

हुन्डाईको लोकप्रिय ह्याचव्याक कार ग्रान्ड आई १० निओसको फेसलिफ्ट मोडल नेपाली बजारमा




सार्वजनिक भएको छ । नयाँ ग्राण्ड आई १० निओस नेपाल आउन लागेको जानकारी दिँदै आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले यसको चर भेरिएन्टको मूल्य यसअघि नै सार्वजनिक गरेको थियो ।

कम्पनीका अनुसार यसको एरा भेरिएन्टको मूल्य २९ लाख ९६ हजार निर्धारण गरिएको छ भने अर्को भेरिएन्ट म्याग्नालाई ३५ लाख ५६ हजार रुपैयाँ पर्छ । यसैगरी म्याग्ना एएमटीको ३७ लाख ९६ हजार निर्धारण गरिएको छ भने टप भेरिएन्ट स्पोर्टजलाई ३७ लाख ५६ हजार पर्छ ।

यो नयाँ मोडलको फ्रन्टमा हुन्डाइले रिडिजाइन गरिएको ग्रिल दिएको छ । कारमा वाई आकारको एलइडी यूनिट पाउन सकिन्छ । कारको रियरमा रिडिजाइन गरिएको टेलगेट सहित नयाँ टेल लाइट दिइएको छ । यसको साइड प्रोफाइलमा भने कुनै परिवर्तन गरिएको छैन । कारको ग्राउन्ड क्लियरेन्स १६५ एमएम रहेको छ ।

यो कारमा नयाँ इन्स्ट्रुमेन्ट क्लस्टर, ८ इन्चको टचस्क्रिन इन्फोटेन्मेन्ट डिस्प्ले, वायरलेस चार्जिङ, टाइप सी यूएसबी चार्जिङ पोर्ट, क्रुज कन्ट्रोल, भ्वाइस रिकग्निसन र टायर प्रेसर मोनिटरिङ लगायत अन्य थुप्रै फिचर पाउन सकिन्छ । कारको इन्टेरियर लाई डुअल टोन ग्रे कलरले सजाइएको छ भने सेमी फेब्रिक सिट, टिल्ट स्टेरिङ, कुल्ड ग्लोभ वक्स, फुटवेल लाइट लगायत आरामदायी फिचर दिइएको छ ।

कारमा ४ वटा वटा एयरव्याग, एबिएस, इबिडी, इएससी, रिभ्यू मिरर, अटोमेटिक हेडल्याम्प, भिएसएम, हिल स्टार्ट एसिस्ट कन्ट्रोल, स्पिड अलर्ट, इम्प्याक्ट सेन्सिङ तथा स्पिड सेन्सिङ अटो डोर लक, इमर्जेन्सि स्टप सिग्नल लगायत सेफ्टि फिचर सामेल गरिएको छ । यो कारमा हुन्डाइले एड्भान्स हाई-स्ट्रेन्थ स्टिल प्रयोग गरेको छ ।

नयाँ आई १० निओसमा यसअघिकै १.२ लिटर पेट्रोल इन्जिनलाई निरन्तरता दिइएको छ । जसको अधिकतम पावर ८३ एचपी र टर्क ११३.८ एनएम रहको छ । यसमा ५ स्पिड म्यानुअल र एएमटी ट्रान्समिसनको विकल्प पाउन सकिन्छ ।

# ६ महिनामा बिक्री भयो १ लाख युनिट रोयल इन्फिल्ड हन्टर

रोयल इन्फिल्ड हन्टर ३५० बाइक अत्याधिक लोकप्रिय बाइकमध्ये एक हो । कम्पनीले हालसम्म हन्टर ३५० को १ लाखभन्दा बढी युनिट बिक्री



गरेको खुलासा गरेको छ ।

रोयल इन्फिल्डले सन् २०२२ मा मस्कुलर-रेट्रो स्टाइलमा हन्टर ३५० लन्च गरेको थियो । हन्टर ३५० ले भारतको प्रतिष्ठित इन्डियन मोटरसाइकल अफ द इयर २०२३ अवार्ड पनि जितेको छ । कम्पनीले सो बाइक निर्यात पनि गर्न थालेको छ ।

रोयल इन्फिल्ड हन्टर ३५० मा ३४९ सीसी, सिंगल सिलिन्डर, एयर र आयल कुल्ड, फ्युल इन्जेक्टेड इन्जिन जडान गरिएको छ । सो इन्जिनले २०.२ बीएचपी पावर र २७ एनएम टर्क जेनेरेट गर्छ । इन्जिन ५ स्पिड म्यानुअल गियरबक्ससँग जोडिएको छ । बाइक फ्रन्टमा डिस्क ब्रेक र रियरमा सिंगल वा डुयुअल च्यानल एबीएसको साथ उपलब्ध छ ।

बाइकको अगाडि टेलिस्कोपिक फोर्क र पछाडि डुयुअल स्प्रिङ-लोडेड शक एब्जर्वर दिइएको छ । बाइकको टायर १७ इन्चको छ । हन्टर ३५० मा डिजिटल-एनालग इक्स्ट्रयुमेन्ट क्लस्टर र अप्सनल ट्रिपर नेभिगेसन जस्ता फिचर रहेको छ । रोयल इन्फिल्ड हन्टर ३५० ले टीभीएस रोनिन, होन्डा सीबी ३५० आरएस, जावा ४२ र येज्दी रोडस्टरसँग प्रतिस्पर्धा गर्छ ।

नेपाली बजारमा पनि यो बाइक आगामी दिनमा आउने सम्भावना छ । नेपालमा पहिले ठूलो सीसीका बाइकमा प्रतिबन्ध लगाइएको कारण उपलब्ध हुन सकेको थिएन । आगामी दिनमा भने यो बाइक पनि आउने अनुमान गर्न सकिन्छ ।

# २२ सहरमा डिलरसिप विस्तार गर्दै केटिएम

काठमाडौं । केटिएम तथा हस्कभर्ना मोटरसाइकलको आधिकारिक बिक्रेता हंसराज हुलासचन्द एण्ड कम्पनी प्रालिले देशका विभिन्न २२ स्थानमा डिलर सिप आह्वान गरेको छ । सवारीसाधनको बिक्री नै हुन छाडेर धमाधम शोरुम बन्द भइरहेको समयमा केटिएमले भने एकैपटक यति धेरै सहरमा डिलरसिप विस्तार गर्न लागेको हो । कम्पनीले उपत्यकामा महाराजगन्ज र पूल्चोक सहित चीतवनको टाँडी र पर्सा, नवालपरासीको कावासोती, सुर्खेत, चरिकोट, त्रिशुली, गोर्खा, दमौली, पाल्पा, खाँदवारी, वालिङ, वेशिसहर, वर्दिवास, सिन्धुली, इलाम, फिदिम, चपुर, भोजपुर, अर्घाखाँची र लमहीमा डिलरसिप आह्वान गरेको छ । केटिएमको नेपाली बजारमा ड्यूक २००, ड्यूक २५०, ड्यूक ३९०, आरसी २००, आरसी ३९०, एड्भेन्चर २५० र एड्भेन्चर ३९० लगायत मोडलका मोटरसाइकल उपलब्ध छन् ।


## फागुपर्व सभ्य रुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं ।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं ।
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं ।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं ।
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

चाडपर्वलाई मौलिक रुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक: मोहन कार्की(९८५१०८७१५६), सम्पादक: इन्दिरा घमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस